जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक २८४ • २०८२ साल फाल्गुन ३० गते शनिबार (14 March, Saturday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५१-

# विच्छाको पद गुम्यो

**टुडे समाचारदाता**



जनकपुरधाम।मधेश प्रदेश सभा सदस्य कञ्चन विच्छाको पद गुमेको छ । सर्वोच्चअदालतको आदेशले उनको पद गुमेको छ । यसअघि सर्वोच्चको अन्तरिम आदेशले पद कायम भएकी विच्छाको पद पुनः सर्वोच्चबाटै खारेजी भएपछि गुमेको छ ।

सर्वोच्च अदालतमा शुक्रबार न्यायाधीश कुमार रेग्मी र अव्दुल अजीज मुसलमानको संयुक्त इजलासले यसअघि दिइएको अन्तरिम आदेश खारेजपछि उनी पदमुक्त भएकी छन् ।

नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादव नेतृत्वको मधेश प्रदेश सरकारमा मन्त्री बनेपछि पार्टीले तत्काल राजीनामा दिइ प्रदेश सरकारबाट बाहिरिन निर्देशन दिएको थियो । तर सो निर्देशनको पनि अवज्ञा गर्दै सरकारमा बसेपछि पार्टीले साधारण सदस्य नरहने गरी कारबाही गरेको थियो ।

पार्टीले कारबाही गर्दै प्रदेशसभा सचिवालयमा पत्र पठाएपछि उनलाई पदमुक्त गरिएको थियो । त्यस विरुद्धमा विच्छाले सर्वोच्चमा रिट दिएपछि अन्तरिम आदेश दिँदै पदलाई कायम गरेको थियो ।

विच्छाले राप्रपा केन्द्रीयकार्यालयसमेत चारजनालाई विपक्षी बनाएर दिएको उत्प्रेषण मुद्दामा फैसला सुनाउँदै उक्त रिट खारेज गरेको छ ।

उनले पार्टीलाई कुनै जानकारी नदिइ एमालेका सरोजकुमार यादवको सरकारमा कार्तिक २४ गते वन तथा वातावरणमन्त्री बनेकी थिइन् । बिहान ४ बजे होटलमा शपथ लिएका कारण यादवको नियुक्ति विवादमा परेको थियो । समानुपातिकतर्फबाट सांसद बिच्छाले आफ्नो पद बहालीको माग राख्दै रिट दायर गरेकी थिइन् ।

यससंगै मधेश प्रदेशसभामा प्रतिनिधिसभा सदस्यको निर्वाचन लड्नका लागि निवर्तमान मुख्यमन्त्री सतीशकुमार सिंह, नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता भरतप्रसाद साह, प्रदेशसभा सदस्य रहबर अन्सारी, निवर्तमान सभामुख रामचन्द्र मण्डलले प्रदेशसभा सदस्यबाट राजीनामा दिएका थिए । जसमध्ये अन्सारी मात्रै निर्वाचित भए भने उनीबाहेक सबै पराजित भएका छन् ।

'बिना रुखान, बैसलाकै गाम कमाउने'

# शून्य सांसद रहेको संघीय लोकतान्त्रिक मोर्चाको बालेनलाई समर्थन

**टुडे समाचारदाता**

जनकपुरधाम । आ-आफ्नै तरिकाले प्रतिनिधिसभा सदस्य निर्वाचनमा लडेको मधेश केन्द्रित दलले 'बिना रुखान, बैसलाके गाम कमाइ छी' मैथिलीको उखानलाई शून्य सांसद रहेको संघीय लोकतान्त्रिक मोर्चाले राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साहलाई समर्थन गरेको कुरा बाहिरिए पछि यो भनाइ चरितार्थ भएको छ ।

देशव्यापी रुपमा पराजित भएपछि पहिलो पटक बसेको संघीय लोकतान्त्रिक मोर्चाको बैठकबाट भावी प्रधानमन्त्री बालेन्द्र साह उर्फ बालेनलाई अग्रीम शुभकामना दिएको छ । यस निर्वाचनमा एउटै पनि सिट जित्न नसकेको मोर्चा आवद्ध दलले बालेनलाई बधाई तथा शुभकामना दिएका छन् ।

निर्वाचन अघिसम्म पटकपटक एउटै मोर्चा बनाएर निर्वाचनमा सहभागी हुने सहमति गरे पनि अन्तिममा आ-आफ्नै ढंगले निर्वाचनमा होमिएका थिए ।

निर्वाचनभन्दा अघि नै गठन गरिएको संघीय लोकतान्त्रिक मोर्चामा जनता समाजवादी पार्टी(जसपा) नेपाल, जनमत पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल, तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, तराई मधेश लोकतान्त्रिक पार्टीलगायतका दलहरु रहेका थिए ।

निर्वाचन नजिकिँदै जाँदा उनीहरुबीच निर्वाचन अवधिभर एक ढिक्का भएर निर्वाचनमा होमिने भनिए पनि उनीहरु अन्तिम समयमा अलग अलग भएर आ-आफ्नो निर्वाचन क्षेत्र सुरक्षित खोजे । त्यसक्रममा कुनै पनि किसिमको तालमेल एकअर्कासंग गर्न कुनै पनि शीर्षनेताहरुले पहलकदमी नलिएको भन्दै मोर्चा आवद्ध दलका नेताले आलोचनासमेत गरे ।

जनमत पार्टीका अध्यक्ष सीके राउतले निर्वाचनमा मिलेर सहभागी हुँदा आफ्नै पार्टीलाई बढी सिट दिनुपर्ने अडान लिएपछि मोर्चा आवद्ध दलहरु विस्तारै विस्तारै अलग हुन पुगेका थिए ।

मधेश केन्द्रित दलहरु एकले अर्काको अस्तित्वलाई नै स्वीकार गर्न नसकेको र मोर्चाका शीर्ष नेताहरु आ-आफ्नै नातागोता, आफन्तजनमा नै पार्टीलाई समर्पित गरेपछि अहिलेको निर्वाचनको परिणाम आएको राजनीतिक विश्लेषक विजय मिश्र बताउँछन् ।

निर्वाचनको क्रममा पनि जसपा नेपालका संरक्षक महन्थ ठाकुर राष्ट्रिय सभा सदस्यमा निर्वाचित भए । तर उनले आफ्नो छोरीलाई प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार बनाएपछि उनको पार्टी भित्रै पनि कडा आलोचना भयो ।

पार्टीकै नेता हरिनारायण यादवलगायतका नेता बागी बनेका थिए । यसले पार्टी संरक्षक ठाकुरको राजनीतिक छविलाई धूमिल पुऱ्याएको स्थानीय नेताहरु बताउँछन् ।

## मधेशका मुद्दाहरू सम्बोधन हुने ध्येय

**टुडे समाचारदाता**



जनकपुरधाम । संघीय लोकतान्त्रिक मोर्चाको बैठकबाट प्रतिनिधिसभा निर्वाचनमा बालेन साहलेप्राप्त गरेको व्यापक जनसमर्थनलाई स्वागत गर्दै उनलाई प्रधानमन्त्रीका रूपमा देख्न पाउनु उत्पीडित समुदायका लागि हर्षको विषय भएको जनाएको छ ।

जसपा नेपालका संरक्षक महन्थ ठाकुरको अध्यक्षतामा बसेको मोर्चाको बैठकले बालेनको जितलाई मधेशी, थारु लगायत उत्पीडित जनताले देशको कार्यकारी प्रमुख बन्न देखेको सपना, संघर्ष र बलिदानको परिणामका रूपमा चित्रिणसमेत गरिएको छ ।

जसपा नेपालका संरक्षक महन्थ ठाकुरद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'मधेशी सपूत माननीय बालेन्द्र साह (बालेन) को नेतृत्वलाई आम जनताले व्यापक जनसमर्थन प्रदान गरेकोले निजलाई प्रधानमन्त्रीको रूपमा हेर्न पाउनु हामी लामो समयदेखि संघर्षरत मधेशी, थारु, आदिवासी जनजाति लगायत उत्पीडित समुदायको निम्ति हर्षको विषय हो ।'

उक्त बैठकले बालेनलाई भावी प्रधानमन्त्रीको रूपमा अग्रीम शुभकामना तथा बधाई ज्ञापन समेत गरेको छ ।

मोर्चाले बधाई ज्ञापनसंगै बालेनको नेतृत्वबाट मधेशका पुराना र थाती रहेका मुद्दाहरू सम्बोधन हुने ठूलो अपेक्षा राखेको छ । नेपाली जनताले विगतमा गरेका संघर्ष र बलिदानबाट स्थापित गणतन्त्र, संघीयता, लोकतन्त्र र समावेशीता लगायतका उपलब्धिहरूलाई नयाँ सरकारले संस्थागत गर्ने मोर्चाले जारी गरिएको विज्ञप्तिमा जनाइएको छ ।

यसका साथै, संविधान संशोधन, प्रदेशको सीमांकन हेरफेर, जनसंख्याको आधारमा प्रतिनिधित्व सुनिश्चित गर्ने, लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने र संघीयतालाई अझ बलियो बनाउने जस्ता महत्वपूर्ण मुद्दाहरू बालेनको नेतृत्वमा सम्बोधन हुनेमा विश्वास रहेको जसपा नेपालका संरक्षक ठाकुरले हस्ताक्षर गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

उक्त बैठकबाट संघीय लोकतान्त्रिक मोर्चाका नेता ठाकुर हालै राष्ट्रिय सभाको सदस्यमा निर्वाचित भएकोमा उनलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिएको छ ।

कुमार पौडेल 'इन्काउन्टर' प्रकरण

# तत्कालीन सीडीओसहित १० जनाविरुद्ध कर्तव्य ज्यान मुद्दामा जाहेरी दर्ता गर्न परमादेश

**टुडे समाचारदाता**





जनकपुरधाम । नेत्रविक्रम चन्द विप्लव नेतृत्वको तत्कालीन नेकपाका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको 'इन्काउण्टर' प्रकरणमा १० जनाविरुद्ध कर्तव्य ज्यान मुद्दामा जाहेरी दर्ता गर्न सर्वोच्च अदालतले परमादेश जारी गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय डा.मनोजकुमार शर्मा र श्रीकान्त पौडेलको संयुक्त इजलासले गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, जिल्ला प्रहरी कार्यालय सर्लाही र जिल्ला सरकारी वकिल कार्यालय सर्लाहीका नाममा परमादेश जारी गरेको छ ।

सर्वोच्च अदालतले सर्लाहीका तत्कालीन प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउत (हाल निर्वाचन आयोग सचिव), तत्कालीन प्रहरी उपरीक्षक गोपाल भट्टराई, प्रदेश प्रहरी कार्यालय जनकपुरका तत्कालीन प्रमुख डीआईजी हरिबहादुर पालविरुद्ध अनुसन्धान गरेर कर्तव्य ज्यान मुद्दा चलाउन निर्देशन दिएको छ ।

नेता पौडेलको ६ वर्ष अघि भएको 'इन्काउन्टर' घटनामा तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल' र आइजिपी सर्वेन्द्र खनालसहित १२ जनाविरूद्ध फौजदारी अनुसन्धान अघि बढाउन सर्वोच्च अदालतले परमादेश जारी गरेको छ ।

उक्त इजलासले फौजदारी अनुसन्धानका लागि कानुन बमोजिम प्रक्रिया बढाउन परमादेश जारी गरेको सर्वोच्च अदालतका सहरजिस्ट्रार तथा प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीमा तत्कालीन गृहमन्त्री बादल, तत्कालीन आइजिपी खनालसहित १२ जनाविरूद्ध जाहेरी दर्ता भएको थियो ।

पौडेलको 'इन्काउन्टर' प्रकरणमा हुलाकबाट जाहेरी परेको थियो,' प्रवक्ता कोइरालाले भने, 'हुलाकबाट आएको जाहेरीलाई कानुनबमोजिम दर्ता गरी अनुसन्धान अघि बढाउनु भनि परमादेश भएको छ ।'

उक्त परमादेशको पूर्णपाठ आइसकेको आउन अझै केही समय लाग्नेछ । सो पूर्णपाठ आएपछि उक्त घटनासंग सम्बन्धित विस्तृत विषयवस्तु खुल्ने कोइरालाले बताए ।

कुमार पौडेलको इन्काउन्टर प्रकरणमा २०७६ असार ५ गतेको हो । त्यति बेला उनी नेत्रविक्रम चन्द 'विप्लव' समूहका सर्लाही जिल्ला इन्चार्ज थिए ।

राजनीतिक कार्यक्रम सकेर फर्कँदै गर्दा लालबन्दी-१ स्थित लखन्ती खोलामा दोहोरो भीडन्तमा परी कुमार पौडेलको मृत्यु भएको प्रहरी दाबी थियो । तत्कालीन नेकपाले भने कुमारको मृत्यु दोहोरो भीडन्तमा नभइ प्रहरीले नियन्त्रणमा लिएर हत्या गरेको आरोप लगाउँदै आएको छ । विप्लवले कुमार पौडेलको 'गैरन्यायिक हत्या' भएको दाबी समेत गरेका छन् ।

उक्त घटनामा कुमार पौडेलकी आमा दुर्गादेवी पौडेलले तत्कालीन गृहमन्त्री बादल, तत्कालीन आइजिपी खनाल, तत्कालीन प्रदेश नम्बर २ का डिआइजी हरिबहादुर पाल, सर्लाहीका तत्कालीन सिडिओ कृष्णकुमार राउत र तत्कालीन एसपी गोपालचन्द्र भट्टराईविरूद्ध जाहेरी दिएकी थिइन् । राउत अहिले निर्वाचन आयोगमा सचिव छन् ।

त्यस्तै प्रहरी निरीक्षक किरण न्यौपाने, सई सूर्य कार्की, पोस्टमार्टम गर्ने डा. वीरेन्द्रकुमार मण्डल, प्रहरी निरीक्षक कृष्णदेव प्रसाद साह, हवल्दार सत्यनारायण मिश्र, विनोद साह र बागमती नगरपालिकाका मेयर भरतकुमार थापाविरूद्ध पनि जाहेरी परेको थियो ।

दुर्गादेवीले आफ्ना छोराको हत्या घटनामा अनुसन्धान गर्न भनेर हुलाकमार्फत् जाहेरी दिएकी थिइन् । उक्त घटनाको अनुसन्धान प्रक्रिया भने अघि बढेन ।

त्यसपछि उनी अनुसन्धान प्रक्रिया अघि नबढाएको भन्दै सर्वोच्च अदालत पुगेकी थिइन् । त्यसपछि २०७७ मंसिर २८ गते उनले जिल्ला सरकारी वकिलको कार्यालय सर्लाही र जिल्ला प्रहरी कार्यालय सर्लाहीलाई विपक्षी बनाएर रिट दायर गरेकी थिइन् ।

सोही रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश शर्मा र पौडेलले परमादेश जारी गरेका छन् ।

कुमार पौडेलको इन्काउन्टर प्रकरणमा राष्ट्रिय मानवअधिकार आयोगले पनि प्रश्न उठाएको थियो । आयोगले छानबिन गरी उक्त घटनामा संलग्न प्रहरी अधिकारीहरूलाई निलम्बन गर्न सुझाव दिएको थियो ।

प्रहरी निरीक्षक कृष्णदेव प्रसाद साह, विनोद साह, सत्यनारायण मिश्रलाई निलम्बन गर्न भनेको थियो । प्रहरी निरीक्षक किरण न्यौपाने, सई सूर्यकुमार कार्कीविरूद्ध फौजदारी अनुसन्धान अघि बढाउन पनि आयोगले सुझाव दिएको थियो ।

पोस्टमर्टम डा. वीरेन्द्रकुमार मण्डलको कामप्रति पनि आयोगले प्रश्न उठाएको थियो ।

त्यस्तै संसदीय सुनुवाइ समितिमा रेखा शर्मा, जनार्दन शर्मालगायत तत्कालीन नेकपा माओवादीका सांसदहरूले आफ्नै गृहमन्त्री बादलमाथि प्रश्न उठाएका थिए । उनीहरूले कुमार पौडेलको हातखुट्टा भाँचेर पछि गोली हानिएको भन्दै प्रश्न उठाएका थिए ।

तर तत्कालीन गृहमन्त्री बादलले भने प्रहरी मुठभेडमा मारिएको दाबी गरेका थिए ।

'जहाँसम्म मुठभेड होइन, पहिले नियन्त्रणमा लिएर समाप्त पार्न नाटक प्रदर्शन गरेको भन्ने कुरा आएको छ, यी सुझावहरूमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । हामी यसको निम्ति आवश्यक छानबिन गर्छौं,' उनले संसदीय समितिमा भनेका थिए, 'राज्य विप्लव समूहका नेताहरूलाई नियन्त्रण गर्ने प्रक्रियामै थियो । हामीलाई प्राप्त रिपोर्ट अनुसार मुठभेडमा कुमारको निधन भएको हो ।'

तत्कालीन गृहमन्त्री बादलले संसदीय समितिमा पौडेलबाट पेस्तोल बरामद भएको दाबी पनि गरेका थिए ।



# धमाधम विज्ञापन सामग्री हटाउँदै काठमाडौं महानगर

काठमाण्डु । सम्झौताअनुरूप समय सकिँदा पनि सम्बद्ध अधिकारी सम्पर्कमा नआएपछि काठमाडौं महानगरपालिकाले विज्ञापन सामग्री हटाउन थालेको छ ।

सार्वजनिक निजी साझेदारी अवधारणाअन्तर्गत त्रिलोक संरचना प्रालिले ३९ वटा बस बिसौनीमा विज्ञापन राखेकामा सम्झौता सकिएपछि २५ वटा बस बिसौनीमा सोलारसहित राखिएका विज्ञापन सामग्री हटाउन सुरु गरेको हो । महानगरले विसं २०६९ भदौ




१४ मा प्रालिसँग पहिलोपटक सम्झौता गरेकामा विसं २०७१ चैत २६ मा पहिलोपटक र २०७८ साल साउन २५ मा दोस्रोपटक सम्झौता नवीकरण गरिएको महानगर प्रहरी बलका प्रमुख विष्णुप्रसाद जोशीले जानकारी दिनुभयो । "सम्झौताबमोजिम नभएपछि विज्ञापन बोर्ड हटाउन तथा राख्न नदिने व्यवस्थाका लागि राजस्व विभागबाट पत्र प्राप्त भएपछि हामीले हटाउन थालेका हौँ", उहाँले भन्नुभयो, "विज्ञापन हटाउने क्रमलाई निरन्तरता दिइनेछ ।"पछिल्लो सम्झौताबमोजिम महानगरले वृद्धि गरेको विज्ञापन करको दरमा वार्षिक बुझाउनुपर्ने रकम वृद्धि भएको अनुपातमा थप गरेर विज्ञापन कर बुझाउनुपर्नेमा निर्माण पक्षले कर नबुझाएको वरिष्ठ राजस्व अधिकृत प्रदीप कोइरालाले जानकारी दिनुभयो ।

"विसं २०८२ वैशाख ११ गते वृद्धि भएको रकम बुझाउन पत्राचार गरिए पनि अहिलेसम्म बुझाएको छैन । हालसम्मको रु १६ लाख १३ हजार २२४ बुझाउन बाँकी रहेको छ", उहाँले भन्नुभयो,"आर्थिक वर्ष २०७८/७९ मा विज्ञापनको दर प्रतिस्क्वायर फिट रु ७०० र आव २०८०/८१ मा प्रतिस्क्वायर फिट रु एक हजार पुगेको थियो ।"कोइरालाका अनुसार विज्ञापन कर रु १५ लाख रु ८३ हजार ९३९ र नपुग रोयल्टी रु २९ हजार २८५ दाखिला हुन बाँकी छ ।रासस

# निर्वाचन सफलतापूर्वक सम्पन्न गरेकामा सरकारलाई नागरिक अभियानद्वारा धन्यवाद ज्ञापन




काठमाण्डु । स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ सफलतापूर्वक सम्पन्न गराएकामा सरकारलाई बधाई ज्ञापन गरेको छ ।

अभियानका तर्फबाट अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष विजयराज गौतम र नेपाल मानव अधिकार सङ्गठनका अध्यक्ष ईन्द्रप्रसाद अर्यालसहितको प्रतिनिधिमण्डलले आज सिंहदरबारमा गृहमन्त्री ओमप्रकाश अर्याललाई भेटगरी धन्यवाद ज्ञापन गरेको हो ।

शान्तिपूर्ण, निष्पक्ष तथा व्यवस्थित रूपमा निर्वाचन सम्पन्न गराउन निर्वाह गरेको महत्त्वपूर्ण भूमिकाका लागि गृहमन्त्रीमार्फत सरकारलाई धन्यवाद दिएको हो । अभियानले निर्वाचन सफल बनाउन सरकार तथा निर्वाचन आयोगले निर्वाह गरेको भूमिकाको प्रशंसा गरेको छ ।

त्यस अवसरमा गृहमन्त्री अर्यालले निर्वाचन शान्तिपूर्ण र उत्साहजनक रूपमा सम्पन्न गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सम्बद्ध सबैलाई धन्यवाद दिनुभयो । लोकतान्त्रिक व्यवस्थामा निर्वाचनमार्फत जनादेश लिनु संवैधानिक र कानुनी दृष्टिले सर्वोत्तम पक्ष भएको उल्लेख गर्दै उहाँले अब संविधान कार्यान्वयन एवम् नेपाली जनताले प्राप्त गरेको हक अधिकार संस्थागत गर्न थप टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

"निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित र मर्यादित वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न देशव्यापी रूपमा मतदाताले प्रकट गरेको उत्साह र सक्रिय निकै सराहनीय छ । यसले लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता अभिव्यक्त भएको छ", मन्त्री अर्यालले भन्नुभयो ।

अभियानले विषम परि स्थितिमा पनि शान्तिपूर्ण, मर्यादित तथा भयरहित निर्वाचन सम्पन्न गर्न गृह मन्त्रालयले निर्वाह गरेको भूमिका प्रसंशनीय रहेको र यसले नागरिकको लोकतन्त्रप्रतिको विश्वासलाई पनि थप मजबुत बनाएको उल्लेख गरेको छ ।

"आवधिक निर्वाचन लोकतान्त्रिक शासन प्रणालीका आधारभूत स्तम्भका रूपमा रहेकाले यस्तो संवेदनशील राष्ट्रिय दायित्वलाई निष्पक्ष, पारदर्शी र विश्वसनीय वातावरणमा सम्पन्न गराउन सरकारद्वारा गरिएको नीतिगत, प्रशासनिक तथा सुरक्षा व्यवस्थासम्बन्धी तयारी र समन्वय प्रसंशनीय छ", नागरिक अभियानको धन्यवाद पत्रमा उल्लेख भनिएको छ,"निर्वाचन अवधिभर कायम गरिएको शान्तिसुरक्षा, नागरिकको सहभागितामूलकवातावरणसुनिश्चित गर्न गरिएको पहल तथा निर्वाचन प्रक्रियाप्रति जनविश्वास अभिवृद्धि गर्न सरकारबाट भएको सक्रिय प्रयासले लोकतानित्रक प्रणालीप्रति जनआस्था सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । यस महत्त्वपूर्ण राष्ट्रिय कार्यलाई सफल बनाउन सरकारका मन्त्रीहरू, सुरक्षा निकाय, प्रशासनिक संयन्त्र तथा सम्बन्धित सबै निकायले निर्वाह गरेको समन्वयात्मक र उत्तरदायी भूमिकाको समेत सराहनीय छ ।"

नागरिक अभियानले आगामी दिनमा पनि लोकतान्त्रिक मूल्यमान्यता, विधिको शासन, मानव अधिकारको संरक्षण तथा सुशासन प्रवर्द्धनमा सरकारको सक्रिय नेतृत्व र प्रतिबद्धता निरन्तर रहिरहने विश्वास व्यक्त गरेको छ ।रासस

# मानव बेचबिखनमा ७ जना पक्राउ




**टुडे समाचारदाता**

जलेश्वर । मानव बेचबिखन तथा ओसारपसारको आरोपमा जिल्ला प्रहरी कार्यालय महोत्तरीले सात जनालाई पक्राउ गरेको छ ।

नेपाली महिलालाई विवाहको प्रलोभन दिई भारततर्फ लैजान खोज्ने गिरोहलाई प्रहरीले नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । प्रहरी निरीक्षक विश्वम्भर नाथ साहका अनुसार दुई दिनअघि प्राप्त गोप्य सूचनाको आधारमा जलेश्वर नगरपालिका-३ मलिवारास्थित नेपाल-भारत भिठामोड सीमा क्षेत्रमा निगरानी बढाउँदा चार जना भारतीय नागरिक एक नेपाली महिलासँग शंकास्पद अवस्थामा फेला परेका थिए ।

जाँच गर्दा उनीहरू मानव बेचबिखन तथा ओसारपसारको प्रयासमा संलग्न रहेको खुलेपछि पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ पर्ने भारतीय नागरिकहरूमा भारत गुजरात बस्ने ३६ वर्षीय सदिक बाक्सु भुर्च, ५६ वर्षीय हसम अब्दुला पटेलिया, २८ वर्षीय किसन भगवानभाई गढिया र २८ वर्षीय सुनिल भगवानभाई गढिया रहेका छन् ।

घटनामा संलग्न अन्य तीन जनालाई पनि प्रहरीले पक्राउ गरेको छ । उनीहरूमध्ये धनुषा, मिथिलाबिहारी नगरपालिका-३ का ५० वर्षीया महिला पीडितको नक्कली आमाको भूमिका निभाएकी थिइन् भने महोत्तरीको भंगहा नगरपालिका-६ की १८ वर्षीया महिला ) बहिनी बनेकी थिइन ।

यस्तै नेपालतर्फको मुख्य समन्वयकर्ता भंगहा नगरपालिका-८ का नुरी बाबा उर्फ नु अली रहेको प्रहरीले जनाएको छ । पक्राउ परेका महिलाहरूको नाम गोपनीयताका कारण सार्वजनिक नगरिएको प्रहरीले जनाएको छ । सातै जनालाई जिल्ला अदालतमा उपस्थित गराई म्याद थप गरी विस्तृत अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । प्रहरीले सीमावर्ती क्षेत्रमा मानव बेचबिखनका घटना रोक्न निगरानी कडा बनाइएको छ ।

धनुषा निवासी २३ वर्षिया पिडिता विहेपछि श्रीमानले छोडेकोमा आफ्नो जिवन निर्वाह गर्न जनकपुर स्थित पिडारी चौकमा ज्याला मजदूरी गर्दै बस्दै आएकी थिइन । सोहि ठाउमा व्यवसाय गर्दै ५० वर्षिय महिलाले विवाहको प्रलोभन दिई आरोपीहरुसंग भेटघाट गराएर पिडारी चौक स्थित एक होटेलमा विवाह समेत गराई भारत लग्न खोज्दा पक्राउ परेको हो ।

# विदेशमा सन्तानः स्वदेशमा अभिभावकको मत परिवर्तन

गलेश्वर । यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा म्याग्दीले एउटा नयाँ तर रोचक भाष्य रचना गरिदिएको छ ।

अभिभावकको खटनपटन र निर्देशनमा रहने सन्तानहरु परिआएको खण्डमा आफ्नो विचार र बुझाइले अभिभावकको सोचाइ र परम्परावादी मान्यतालाई नै परिवर्तन गरिदिन सक्छन् भन्ने नयाँ भाष्य रचना गर्न म्याग्दी सफल भएको हो ।

लाहुरेहरुको जिल्ला भनेर समेत चिनिने म्याग्दीका अधिकांश युवा अध्ययन, रोजगारी र व्यापार-व्यवसायका लागि विदेशमा छन् । तिनै विदेशमा रहेका युवाहरुले यस पटकको निर्वाचनमा गाउँमा रहेका आफ्ना अभिभावकहरुको मन जितेर भोट परिवर्तन गराई पुराना स्थापित राजनीतिक दलका उम्मेदवारहरुलाई हराउन र स्वतन्त्र उम्मेदवार महावीर पुनलाई जिताउन सफल भएका छन् ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीबाट राजीनामा दिई गत माघ ६ गते म्याग्दी आएर स्वतन्त्र उम्मेदवारी दिनुभएका राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुन स्वतन्त्र उम्मेदवारी दिएर विजयी हुने देशैभरिको एक्लो उम्मेदवार हुनुहुन्छ ।

पुनः विजयी हुनुमा उहाँको व्यक्तित्व, प्रचार शैली र क्षमता मात्रै होइन, देश विदेशमा रहेका म्याग्देली सन्तानहरुको महत्वपूर्ण भूमिका रहेको नेपाल पत्रकार महासङ्घ म्याग्दीका अध्यक्ष हरिकृष्ण गौतम बताउनुहुन्छ । "अभिभावकहरुको मत परिवर्तन गराउन सन्तानहरुको महत्वपूर्ण भूमिका रह्यो ।

विदेशमा रहेका आफ्ना सन्तानहरुले एक पटक आफ्नो कुरा सुनिदिन र पहिला जुन पार्टीलाई मत दिँदै आउनुभएको छ, त्यो मत यस पटक महावीर पुनलाई दिन अभिभावकहरुलाई आग्रह गरेपछि जिल्लामा रहेका अभिभावकहरुले कांग्रेस, एमाले र नेकपालाई दिँदै आएको मत परिवर्तन गरी स्वतन्त्र उम्मेदवार पुनलाई दिएका कारण पुनको विजय भएको हो," अध्यक्ष गौतमले बताउनुभयो ।

गौतमको यो भनाइसँग बुद्धिजीवी तथा राजनीतिक समीक्षक राजु केसी पनि सहमत हुनुहुन्छ । माउन्ट एभरेष्ट माविका प्राचार्यसमेत रहनुभएका केसीले सधैँभरि अभिभावकको कुरा सुन्ने गरेका सन्तानहरु यस पटकको निर्वाचनमा भने आफ्ना कुरा अभिभावकलाई बुझाउन र उनीहरुको मन परिवर्तन गराउन सफल भएको बताउनुहुन्छ ।

"विदेशमा रहेका युवाको बढ्दो चेतना, ज्ञान, देशको अवस्था र राजनीतिक दलका नेताहरुको क्रियाकलापका कारण बढेको नैराश्यता नै मत परिवर्तनको मुख्य कारण हो", केसीले भन्नुभयो, "वर्षौंदेखि भोट दिँदै आएका राजनीतिक दल र ती दलका नेताहरुको काम र प्रवृत्तिबाट युवाहरुमा उत्पन्न भएको नैराश्यतालाई उनीहरुले आफ्ना अभिभावकहरुलाई राम्रोसँग बुझाउन सके, सन्तानको विचार र बुझाइलाई अभिभावकहरुले पनि मन पराए र उनीहरुले मत परिवर्तन गरे," प्राचार्य केसीले भन्नुभयो ।

त्यसैगरी, जिल्लाको अन्नपूर्ण गाउँपालिका-१ दोबाका ७१ वर्षीय झकबहादुर गर्बुजाले विदेशमा रहेका आफ्ना छोराले यसपटक पुनलाई भोट दिन आग्रह गरेपछि आफूले पहिला भोट दिँदै आएको पार्टीलाई नदिई पुनलाई नै भोट दिएको बताउनुभयो । "वर्षौंदेखि एउटै पार्टीलाई भोट दिनुभयो, खै के पाउनुभयो र ? तपाईंहरु गाउँमा दुःख गर्ने, हामीले विदेशमा रातदिन नभनी काम गर्नुपर्ने अवस्थामा परिवर्तन भएन । यस पटक भोट परिवर्तन गर्नुहोला बुबा ! छोराको यो भनाइले आफ्नो मन छोएपछि भोट परिवर्तन गरेर महावीर पुनलाई हालेँ," उहाँले भन्नुभयो । राजनीतिक दल र नेताहरुप्रतिको नैराश्यता र सन्ततिहरुको दबाबका कारण यसपटक म्याग्देली जनताले मत परिवर्तन गरेर भारी मतले स्वतन्त्र उम्मेदवार महावीर पुनलाई जिताएका छन् । प्रतिनिधिसभा सदस्यका लागि एउटा मात्र निर्वाचन क्षेत्र रहेको म्याग्दीमा पुन १४ हजार ९३१ को फराकिलो मतान्तरसहित निर्वाचित हुनुभएको हो ।

निर्वतमान शिक्षामन्त्री समेत रहनुभएका पुनले २२ हजार ८५० मत प्राप्त गर्दै विजयी हुनुभएको मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापाले बताउनुभयो । उहाँका प्रतिस्पर्धी एमालेका हरिकृष्ण श्रेष्ठले सात हजार ९१९ मत प्राप्त गर्नुभएको छ ।

त्यसैगरी, नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी (केबी)ले छ हजार ६७३ मत र नेकपाका अर्जुन थापाले तीन हजार ५३० मत प्राप्त गर्नुभएको मुख्य



निर्वाचन अधिकृत थापाले बताउनुभयो । म्याग्दीमा स्वतन्त्रसहित १२ जना चुनावी प्रतिस्पर्धामा हुनुहुन्थ्यो । म्याग्दीमा ८६ हजार ३९७ मतदाता रहेकामा ४६ हजार २१५ मत खसेको थियो ।

**पकड क्षेत्रमै आएन दललाई भोट**

यसपटकको निर्वाचनमा कांग्रेस, एमाले र नेकपालाई आफ्नो बलियो पकड भएको भनिएका ठाउँहरुबाट नै भोट नआएपछि चिन्तित बनाएको छ । धवलागिरि गाउँपालिकाको लुलाङ, मुदी, मराङ, ताकम र मङ्गला गाउँपालिका र अन्नपूर्ण गाउँपालिका एमालेका बलियो पकड र सङ्गठन भएका क्षेत्र हुन् । एमाले नेताहरुले यी क्षेत्रलाई आफ्नो 'कोर एरिया' भन्ने गरेको भए पनि लुलाङ बाहेकका वडामा यसपटक कमजोर देखियो भने नेपाली कांग्रेसले मल्कवाङमा सबैभन्दा धेरै मत ल्याए पनि अन्य वडामा निकै खुम्चियो ।

जिल्लाभर विगतमा राम्रो मत ल्याएका दलहरुलाई प्रत्यक्षतर्फ स्वतन्त्र उम्मेदवार र समानुपातिकमा सबै वडामा रास्वपाले अग्रस्थान मत पायो । एमालेका उम्मेदवार श्रेष्ठ, नेकपाका उम्मेदवार अर्जुनबहादुर थापाले आफ्नै वडामा अग्रता लिन सक्नुभएन भने कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारीले आफ्नो वडा रघुगङ्गा गाउँपालिकाको भगवती, पिप्ले र कुइनेमङ्गलेमा अग्रता लिनुभयो । भण्डारीको भगवती र पिप्लेको अग्रताले राहत मिले पनि अन्य वडामा कमजोर देखियो ।

यहाँ मात्र होइन, धेरै जसो वडामा प्रत्यक्षमा स्वतन्त्र उम्मेदवार पुनले र समानुपातिकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अग्रणी मत ल्याउँदै विजयी भए । एमाले र कांग्रेसले आफ्नो गढ मानिरहेकामा मतको रुझान हेर्दा यसपटक दलहरुको अवस्था नराम्रोसँग बिग्रिएको देखिएको म्याग्दी बहुमुखी क्याम्पसका भूतपूर्व क्याम्पस प्रमुख कृष्णबहादुर थापाले बताउनुभयो । "यसपटक स्वतन्त्रलाई प्रत्यक्षमा र समानुपातिकमा रास्वपालाई रोजेका मतदातालाई पुरानै लयमा फर्काउन दलहरूले निकै मेहनत गर्नुपर्ने हुन्छ भने नयाँ दललाई समेत प्राप्त जनमत जोगाउने उत्तिकै चुनौती छ", थापाले भन्नुभयो ।

पालिका र वडामा आफ्ना जनप्रतिनिधिले नै मतदातालाई आश्वस्त पार्न नसक्दा उम्मेदवारले सोचेजस्तो मत पाउन नसकेका राजनीतिक समीक्षक यादव रिजालले बताउनुभयो । आशा गरेका मतदान केन्द्रबाटै स्वतन्त्र उम्मेदवार पुनले अग्रता लिएपछि माथि उठ्नै नसक्ने गरी दलहरुले कमजोर नतिजाको सामाना गर्नुपरेको उहाँको भनाइ थियो ।

यसपटक समानुपातिकमा रास्वपाको र प्रत्यक्षतर्फ स्वतन्त्रबाट विजयी महावीरको 'क्रेज' र त्यसको प्रभावमा दलका उम्मेदवार परेको जानकारहरू बताउँछन् । "स्वतन्त्रलाई प्रत्यक्षमा हालेर समानुपातिकमा पार्टीलाई मत आउने दलहरूको अपेक्षामाथि नराम्रोसँग कुठाराघात भएको देखियो" रिजालले बताउनुभयो । दुईवटा प्रदेशसभा सदस्य रहेको नेकपाले त जमानत जोगाउन आवश्यक पर्ने खसेको मतको १० प्रतिशत समेत ल्याउन सकेन । म्याग्दीमा २०७९ सालमा कांग्रेस म्याग्दीका सभापति खमबहादुर गर्बुजा (खम्बीर) ले प्रतिनिधिसभा सदस्यमा २४ हजार २१ मत ल्याएर विजयी हुनुभएको थियो । उहाँका प्रतिद्वन्द्वी एमालेका हरिकृष्ण श्रेष्ठले २० हजार एक सय ८९ मत प्राप्त गर्नुभएको थियो ।

**आँनै कामले पहिचान बनाएका महावीर पुन**

म्याग्दीबाट स्वतन्त्र उम्मेदवारी दिई अत्यधिक मतले विजयी भएपछि प्रतिनिधिसभा सदस्य बन्नुभएका महावीर पुन वैज्ञानिक, अनुसन्धानकर्ता एवं समाजसेवी व्यक्ति हुनुहुन्छ । २०११ माघ ५ गते म्याग्दी जिल्लाको नागी गाउँमा बुबा कृष्ण पुन र आमा पूर्वी पुनको छोराका रूपमा जन्मिएका पुनलाई नचिन्ने सम्भवतः अहिले कोही छैनन् । पुनले सन् २०१२ मा सूचना तथा प्रविधिमार्फत देश विकासका सम्भावनाको खोज र आविष्कार गर्ने उद्देश्यले 'राष्ट्रिय आविष्कार केन्द्र'को स्थापना गर्नुभएको थियो ।

हाल चितवनमा बस्दै आउनुभएका ७१ वर्षीय उहाँ राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष पनि हुनुहुन्छ । पुनले सन् १९८९ मा पुनले नेब्रास्का विश्वविद्यालयबाट विज्ञान शिक्षामा स्नातकोत्तर हासिल गर्नुभएको थियो ।रासस

# पश्चिम एसिया सङ्कटः उद्धार उडान जारी

काठमाण्डु । सरकारको समन्वयमा नेपाल वायुसेवा निगमले पश्चिम एसियाका विभिन्न देशमा अलपत्र परेका नेपालीलाई क्रमशः उद्धार उडानमार्फत स्वदेश ल्याएको छ ।

निगमका प्रवक्ता देवेन्द्र पुनका अनुसार बिहीबार विशेष उद्धार उडानमार्फत दुबई विमानस्थलमा अलपत्र परेका २७२ जना नेपालीलाई स्वदेश ल्याइएको हो । विशेष उद्धार उडानको सो विमानमार्फत काठमाडौं विमानस्थलमा अलपत्र परेका २६० जना यात्रीलाई दुबई विमानस्थलसम्म पुर्याइएको थियो ।

आज पनि यहाँबाट २६७ जना यात्री लिएर निगमको विमान दुबई प्रस्थान गर्ने र त्यहाँबाट १६४ जना नेपालीलाई स्वदेश ल्याइने प्रवक्ता पुनले राससलाई जानकारी दिनुभयो । यही फागुन १६ गतेदेखि पश्चिम एसियाको आकाशमा उडान निषेध भएपछि उद्धार उडान थालिएको हो ।रासस


## राहदानी हरायो

मिती २०८२।१०।२५ गते घरबाट जनकपुर सम्म जादै गर्दा मेरो निन्न बेहोरा भएको राहदानी हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्न ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछौ ।

**नाम : उमेश सादा**
**ठेगाना : रामगोपालपुर न.पा.–८, सहसौला, महोत्तरी**
**राहदानी नम्बर : PA११९०२७५**
**मो.नं. : ९७१३४१८९०६**

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** आज तपाईका लागि कामको क्षेत्रमा नयाँ अवसर आउने सम्भावना छ ।
**वृष :** काममा भने सकारात्मक परिणाम प्राप्त हुने सम्भावना छ ।
**मिथुन :** आज नयाँ योजना बनाउने वा नयाँ काम सुरु गर्ने सोच आउन सक्छ ।
**कर्कट :** पारिवारिक सहयोग र साथ मिल्ने सम्भावना छ ।
**सिंह :** कामको क्षेत्रमा प्रगति हुने संकेत छ ।
**कन्या :** आर्थिक विषयमा भने सावधानी अपनाउनु उपयुक्त हुनेछ ।
**तुला :** आज मन खुशी हुने समाचार प्राप्त हुन सक्छ ।
**वृश्चिक :** काममा ध्यान केन्द्रित गर्न सके राम्रो परिणाम प्राप्त हुन सक्छ ।
**धनु :** आज यात्रा वा धार्मिक कार्यमा रुचि बढ्न सक्छ ।
**मकर :** काममा जिम्मेवारी बढ्न सक्ने संकेत छ।
**कुम्भ:** नयाँ चिनजान वा सम्बन्धबाट फाइदा हुन सक्छ ।
**मीन :** आज मन शान्त रहने देखिएको छ । काममा प्रगति हुने सम्भावना छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१–५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४–५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४–५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४–५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४–५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४–५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |


जनकपुरधामको रामानन्द चोकस्थित सडकमा धनुषा ट्राफिकले ट्राफिक व्यवस्थापन, दुर्घटना न्यूनीकरण तथा सडकको सौन्दर्यता वृद्धि गर्नको लागि लगाएको फ्लेग्जिवल स्प्रिङ्ग पोष्ट। *तस्बिरः अमरेन्द्रकुमार यादव*

### डेडिकेटेड र ट्रङ्कलाइन महसुल विवाद :

# आयोगमा चैत १ गते सुनुवाइ हुने

काठमाण्डु । विवादित डेडिकेटेड र ट्रङ्क लाइन महसुल विवादका सम्बन्धमा विद्युत् नियमन आयोगमा आगामी चैत १ गते सुनुवाइ हुने गरी निर्धारण गरिएको छ। आयोगले सो दिन पञ्चकन्या प्लास्टिक इन्डस्ट्रिज प्रालि र पञ्चकन्या स्टिलका सम्बन्धमा सुनुवाइ गरिने जनाएको छ ।विवादित महसुलका सम्बन्धमा सुरुआती सुनुवाइ आयोगमा हुने र आयोगले दिने निर्णयमा चित्त नबुझेको खण्डमा अदालत जान पाइने व्यवस्था छ । नेपाल विद्युत् प्राधिकरणले निर्धारण गरेको महसुलका सम्बन्धमा चित्त नबुझेको भन्दै केही उद्योगी आयोग गएका थिए ।




आयोगले निरन्तर रूपमा महसुलका सम्बन्धमा सुनुवाइ गर्दै आएको छ । आयोगले प्रचलित नियम, कानुन तथा विगतको नजिरका आधारमा आवश्यक निर्णय गर्दै आएको छ । आयोगको सूचनाअनुसार प्राधिकरणले तय गरेको महसुलका सम्बन्धमा चित्त नबुझेको भन्दै पञ्चकन्या प्लास्टिक र पञ्चकन्या स्टिलले निर्णयका लागि आयोगमा आवेदन गरेको थियो ।सो आवेदनमा प्राधिकरणले डेडिकेटड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत् सप्लाई लिएको उपभोक्तालाई बक्यौता विद्युत् महसुल बुझाउने अन्यायपूर्ण निर्णय खारेज गरी क्षतिपूर्ति दिलाइपाउँ भनी माग गरिएको छ।

सुनुवाइका लागि आयोगले आवेदनकर्ताका कानुन व्यवसायी र प्राधिकरणका तर्फबाट कानुन विभागका तीन अधिकारीलाई उपस्थित हुन आग्रह गरेको छ । नेपालको ऊर्जा क्षेत्रको नियमनकारी निकायका रूपमा रहेको आयोगले यस क्षेत्रको विवाद निरुपण गर्दै आएको छ । आयोगले दिने निर्णय चित्त नबुझेको खण्डमा मात्र आवेदकलाई अदालत जाने मार्गप्रशस्त हुन्छ ।रासस

# वर्षासँगै घट्यो वायु प्रदूषण



काठमाण्डु । केही दिनयता काठमाडौँ उपत्यकालगायत मुख्य सहरमा वायु प्रदूषण घट्न थालेको छ। बिहीबार मध्याह्नसम्म प्रदूषण वायु गुणस्तर सूचकाङ्क १७८ हाराहारीमा रहेकामा शुक्रबार मध्याह्नसम्म वायु गुणस्तर सूचकाङ्क १४९ कायम भएको एयर क्वालिटी इन्डेक्स (एक्युआइ) को तथ्याङ्कले देखाएको छ।

बिहीबार मध्याह्नसम्म काठमाडौँ विश्वकै दोस्रो प्रदूषित सहरका रूपमा सूचीकृत भएकामा आज सोही समयमा बाह्रौँ स्थानमा झरेको छ। केही दिनयता मौसम धुम्मिँदै जाँदा वायु प्रदूषण बढेको थियो। वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले बिहीबार भएको वर्षाका कारण आज वायु प्रदूषण पनि कम भएको जानकारी दिनुभयो।

"वर्षाले हावामा रहेको धुलो तथा कणलाई जमिनमा झार्न मद्दत गर्ने र हावाले धुलो तथा प्रदूषणका कण उठाएर लैजाँदा प्रदूषण कम हुन्छ", उहाँले भन्नुभयो, "दिगो तथा वातावरणमैत्री विकासका उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई सुझाव दिएका छौँ।"वातावरणविद् भुषण तुलाधरले समयमै पूर्वतयारी, पातपतिङ्गर व्यवस्थापन, डढेलो नियन्त्रण तथा सवारीसाधनको धुवाँ परीक्षण र मापदण्डको कडाइका साथ कार्यान्वयन आवश्यक रहेको सुझाव दिनुभयो।

जल तथा मौसम विज्ञान विभागका मौसमविद् सञ्जिव अधिकारीले बिहीबारदेखि नै मौसममा सुधार आएको र वर्षा भएसँगै वायुमा रहेको प्रदूषण हटाउन मद्दत गरेको जानकारी दिनुभयो। उहाँका अनुसार विगत २४ घण्टामा सबैभन्दा धेरै वर्षा वाग्मती प्रदेशको चितवनको नारायणी फिल्ड कार्यालयमा रहेको मौसम मापन केन्द्रमा १२६.२ मिलिमीटर मापन भएको छ।

त्यस्तै गण्डकी प्रदेशको लमजुङ घेरेढुङ्गा केन्द्रमा १०२.२ मिलिमीटर र गोरखाको बारपाक केन्द्रमा ९० मिलिमीटर वर्षा मापन गरिएको छ। साथै कोशी प्रदेशको उदयपुर कटारीमा ९८.४ मिलिमीटर तथा झापाको चन्द्रगढी विमानस्थल केन्द्रमा ९६.४ मिलिमीटर वर्षा मापन गरिएको थियो।

एक्युआइको मापदण्डअनुसार ० देखि ५० सम्म 'राम्रो' मानिन्छ भने ५१ देखि १०० सम्म 'सचेत रहनुपर्ने' श्रेणीमा पर्छ। एक सय एकदेखि १५० 'अस्वस्थ' मानिन्छ, जसले विशेषगरी श्वासप्रश्वास तथा मुटु रोगीलाई असर गर्न सक्छ। एक सय ५१ देखि २०० 'सबैका लागि अस्वस्थ', २०१ देखि ३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ ।रासस

# 'मध्यपूर्वी क्षेत्रमा द्वन्द्व बढ्दै गएमा नेपाली चुलाचौकोमा नकारात्मक प्रभाव पर्नसक्ने'

काठमाण्डु । नेपालमा भित्रने विप्रेषण (रेमिट्यान्स) र इन्धनको प्रमुख स्रोतका रुपमा रहेका मध्यपूर्वी देशहरुमा पछिल्लो समय विकसित तनावका कारण मुलुकको अर्थतन्त्र र ऊर्जा क्षेत्रमा गम्भीर सङ्कट देखापर्न सक्ने सम्भावना औँल्याइएको छ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले शुक्रबार आयोजना गरेको 'पश्चिम एसियाको समस्या र नेपाली अर्थतन्त्रमा देखिने प्रभाव' विषयक अन्तरक्रियामा अर्थ-आप्रावसन क्षेत्रका जानकारहरुले उक्त सङ्कटबाट जोगिन जतिसक्दो चाँडो पूर्वतयारीका काम अघि बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।



अमेरिका/इजरायल-इरान तनावका बीच विश्वव्यापी ऊर्जा सङ्कट गहिरिँदै गएको र त्यसबाट नेपालजस्ता विप्रेषणमा आधारित अर्थतन्त्र भएका तथा आयातित इन्धनमा भरपर्नुपर्ने मुलुकहरु बढी प्रभावित हुने उहाँहरुको आँकलन छ। मध्यपूर्वी क्षेत्रमा द्वन्द्व बढ्दै गएमा पेट्रोलियम पदार्थको अभाव हुने, नेपाली श्रमिकको रोजगारी कटौती हुने र त्यसबाट रेमिट्यान्स घट्न गई नेपालीको चुलोचौकोमा समेत नकारात्मक प्रभाव पर्ने टिप्पणी हुँदै आएको छ।

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक डा गुणाकर भट्टले पछिल्लो समय पश्चिम एसियामा देखिएको तनावका कारण नेपालमा ऊर्जा र खाद्य सुरक्षामा चुनौती थपिन सक्ने बताउनुभयो। "अब ऊर्जा र खाद्य सुरक्षामा नेपालले ध्यान दिनुपर्छ, पेट्रोलियम पदार्थसहितका दैनिक अत्यावश्यक वस्तुको उचित मौज्दात राख्ने र त्यसको व्यवस्थापनमा मेहनत गर्नुपर्छ", उहाँले भन्नुभयो।

अब गठन हुने सरकारले चुलिँदो विश्वव्यापी सङ्कटसँग जुध्नसक्ने योजना र कार्यक्रम बनाउनुपर्नेमा जोड दिँदै पूर्वकार्यकारी निर्देशक भट्टले आपूर्ति प्रक्रियामा जिम्मेवार सरकारी संस्थाहरुको प्रभावकारी परिचालन हुनुपर्ने बताउनुभयो। पेट्रोलियम पदार्थको आयातमा नेपाल पूर्णरुपमा भारतमा निर्भर रहेको अवस्थामा भारतमै पेट्रोलियम पदार्थका अभाव देखिँदा त्यसको प्रभाव स्वतः नेपाली बजारमा पर्ने उहाँको भनाइ छ।

श्रम आप्रवासन क्षेत्रका जानकार रामेश्वर नेपाल मध्यपूर्वी मुलुकमा तनाब बढ्दै जाँदा विप्रेषण, रोजगारी र नेपाली श्रमिकको सुरक्षामा चुनौती थपिन सक्ने बताउनुहुन्छ। पछिल्लो समय मध्यपूर्वमा कार्यरत श्रमिक ठूलो तनावका बीचमा रहेको उल्लेख गर्दै उहाँले प्रभावित मुलुकमा रहेका श्रमिकलाई सरकारले सुरक्षामा आश्वस्त पार्न नसकिरहेको बताउनुभयो।

"विकसित घटनाक्रममा सरकारले तत्काल नेपाली श्रमिकलाई 'रेस्पोन्स' गर्न सक्यो, तर आश्वस्त बनाउन सकेन, संवेदनशील क्षेत्रमा रहेका श्रमिकको उद्धार गर्नुपर्ने अवस्था आइसकेको अवस्थामा सरकारले आफ्ना नागरिकलाई 'सुरक्षित भएर बस' मात्रै भन्न मिल्दैन", उहाँले भन्नुभयो, "प्राप्त जानकारीअनुसार हालसम्म द्वन्द्वमा मारिनेमा आप्रवासी श्रमिक छन्, सम्बन्धित मुलुकले पर्याप्त सुरक्षा दिन नसक्दा आप्रवासी श्रमिक बढी प्रभावित भइरहेका छन्।"मध्यपूर्व र खाडीका देशमा झन्डै २० लाख नेपाली श्रमिक कार्यरत रहेका छन्। त्यहाँका नेपाली श्रमिकलाई सुरक्षित तुल्याउने र आवश्यक परेको खण्डमा उद्धार गर्ने सन्दर्भमा सरकारले तयारी गरिरहेको छ। खाडी मुलुकमा कार्यरत कानुनी हैसियत गुमाएका नेपाली श्रमिक यसबाट बढी प्रभावित हुने विज्ञको चिन्ता छ। ती देशमा मुख्यगरी निर्माण, सुरक्षा र सेवा क्षेत्रमा नेपाली श्रमिक रहेका छन्।

नेपालबाट दैनिक करिब एक हजार ५०० भन्दा बढी युवा रोजगारीका लागि खाडीको क्षेत्र जाने गरेको छन्। मध्यपूर्वी देश द्वन्द्वमा फस्दै जाँदा नेपाली युवाका लागि रोजगारीको अवसर गुम्न सक्ने अनुमान छ।सेजनका अध्यक्ष भागवत भट्टराईले मध्यपूर्वी क्षेत्रमा ठूलो संख्यामा नेपाली कामदारहरु रहेको र पछिल्लो समय विकसित घटनाक्रमबाट नेपालमा पर्न सक्ने आर्थिक र सामाजिक प्रभावबारे सरकारलाईझक्झकाउनरदेखिएका अन्योल हटाउन सरोकारवाला र विज्ञसँग अन्तरक्रिया गरिएको बताउनुभयो।रासस

# 'निर्वाचनका सन्दर्भमा केही नीतिगत सुधारको अझै खाँचो छ'

काठमाण्डु । भर्खरै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन शान्ति, सुरक्षा र व्यवस्थापकीय हिसाबले प्रशंसनीय भए पनि त्यस निर्वाचनको अनुभवबाट केही महत्त्वपूर्ण विषयमा भने नीतिगत सुधारको आवश्यकता औँल्याइएको छ।

निर्वाचन प्रक्रिया र प्रणाली सुधारका क्षेत्रमा काम गर्दै आएको 'चेतना परियोजना'ले निर्वाचनको मिति घोषणापछि गरेको अनुसन्धानबाट निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी तुल्याउन थप केही नीतिगत विषयमा प्रभावकारी सुधारको खाँचो औँल्याएको हो ।समग्र विकास सेवा केन्द्र र फ्रिड्म स्टुडियोद्वारा आयोजित कार्यक्रममा परियोजना निर्देशक डा प्रेमराज ढुङ्गेलले आचारसंहिताको पूर्ण पालनासहित निर्वाचनसँग जोडिएर आएका केही महत्त्वपूर्ण विषयमा नीतिगत तहमै सुधार गर्नुपर्ने देखिएको बताउनुभयो।



उहाँले संविधानमै आवधिक निर्वाचनको मिति तोक्ने व्यवस्था गर्न तथा हिंसात्मक द्वन्द्व वा विवादबाट पीडित उम्मेदवार र मतदातालाई क्षतिपूर्ति र राहतको व्यवस्था गरिनुपर्ने धारणा राख्नुभयो। द्वन्द्व भन्नाले भौतिक आक्रमण भन्ने पाटोलाई मात्र नबुझिदिन आग्रह गर्दै उहाँले निर्वाचनलाई स्वस्थ रूपमा अघि बढाउने सिलसिलामा शान्तिपूर्ण रूपमै आएका चुनौती, देखिएका असहमति र समस्यालाई समेत सम्बोधन गर्न आवश्यक रहेको बताउनुभयो।

उक्त संस्थाले निर्वाचनका बेला अनलाइन माध्यममा आएका घृणात्मक अभिव्यक्ति, दुष्प्रचार र उत्तेजनापूर्ण सामग्री सम्प्रेषण नियन्त्रण गर्न बेग्लै सामाजिक सञ्जाल लक्षित आचारसंहिता तर्जुमा गर्नुपर्ने आवश्यकता औँल्याएको छ ।चुनावको मिति घोषणापछि निश्चित अवधिसम्म उम्मेदवार र दलका सदस्यको राजनीतिक सम्बद्धता परिवर्तनमा निषेध गर्ने कानुनी व्यवस्था मिलाउन तथा लोकतान्त्रिक प्रणाली र नागरिक शिक्षासम्बन्धी विषय विद्यालय तहदेखि नै पाठ्यक्रममा समावेश गर्न सुझाव दिइएको छ।

संस्थाले निर्वाचनमा हुने खर्च विवरण अनिवार्य सार्वजनिक गर्ने पारदर्शी प्रणाली लागू गर्न तथा दलभित्रको पारदर्शिता, आन्तरिक लोकतन्त्र र उत्तरदायित्व सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ ।परियोजना प्रतिवेदनमा भनिएको छ, "राजनीतिक दलले महिला उम्मेदवारलाई प्रोत्साहन गर्न सुरक्षा र गोपनीयता सुनिश्चित गर्न तथा आयोगले वार्षिक रूपमा निर्वाचनसम्बन्धी अनुगमन, मूल्याङ्कन तथा सुधारात्मक कार्यक्रम सञ्चालन गर्ने नीतिगत र कानुनी दायित्वसमेत निर्धारण गर्नुपर्ने देखिन्छ।"

कुनै निर्वाचन क्षेत्रमा राजनीतिक तनाव तथा विशेष जोखिम देखिएमा अग्रिम सूचना दिई जानकारी गराउने प्रारम्भिक चेनावनी प्रणाली विकास गरिनुपर्ने तथा निर्वाचन प्रक्रियामा हुने हिंसा, द्वन्द्व र कानुनविपरीत कार्य गरेमा कारबाही सुनिश्चिता गर्ने नीतिगत व्यवस्थाको खाँचो औँल्याइएको छ ।निर्वाचन आचारसहिता पालना र कार्यान्वयनमा कडाइ गर्दै उल्लङ्घन गर्नेलाई तत्काल कारबाही गर्न तथा उम्मेदवारको व्यक्तिगत, राजनीतिक, आर्थिक तथा अन्य संस्थागत संलग्नताको पारदर्शी विवरण जाँच तथा सार्वजनिक गर्ने व्यवस्था लागू गर्न सुझाव दिइएको छ।

उक्त परियोजनाले मूलधारका सञ्चारमाध्यम, अनलाइन मिडिया र सामाजिक सञ्जालमा आएका विषयवस्तुलाई आधार बनाइ गरेको तीनमहिने अध्ययनमा त्यस अवधिमा ३०० भन्दा बढी द्वन्द्वका घटना अभिलेख गरिएकामा शान्ति, सुरक्षासँग जोडिएका ११२ वटा रहेको उल्लेख छ। त्यसमध्ये सबैभन्दा बढी बागमती प्रदेश र काठमाडौँ जिल्लामा भएका जनाइएको छ ।त्यस्ता घटनामा राजनीतिक दल र उनका कार्यकर्ता जोडिएको पाइएको तथा केहीमा भने राज्यका प्रतिनिधि पनि संलग्न रहेको भेटिएको प्रतिवेदनमा उल्लेख छ। यसपटक निर्वाचन त्यस्ता केही घटनामा निर्वाचन अधिकृतसमेत मुछिएको तथा केही स्थानमा 'नो भोट'को विषय पनि उठेको बताइएको छ।

नेपालको निर्वाचनबारे कार्यपत्र प्रस्तुत गर्दै अधिवक्ता सागर घिमिरे निर्वाचनलाई थप स्वच्छ, स्वतन्त्र र विश्वासिलो तुल्याउन यससम्बन्धी मापदण्ड, कार्यविधि, नीति, ऐन, नियमको परिमार्जनदेखि संविधान संशोधनको आवश्यकतासमेत रहेको बताउनुभयो ।आफूले मत दिएका उम्मेदवार निर्वाचित हुनुअघि कसरी कालोसूची पर्न सक्छ भन्ने मतदाताको जिज्ञासालाई शान्त तुल्याउन सक्नुपर्नेमा जोड दिँदै उहाँले त्यस्ता घटनाले मतदाताको मत खेर जान सक्ने पाटोमा राज्यले पहिल्यै ध्यान पुर्‍याउन सक्नुपर्नेमा जोड दिनुभयो।

राजनीतिक दल र उम्मेदवारले बुझाएको खर्चको विवरण सही हो वा होइन भनी परीक्षण गर्ने विधि आवश्यक रहेको बताउँदै उहाँले आगामी निर्वाचनलाई चुस्त र व्यवस्थित तुल्याउन विद्युतीय मतदान उपकरणको प्रयोग गर्नेतर्फ राज्यको ध्यानाकर्षण गराउनुभयो ।त्यस अवसरमा सहभागी वक्ताहरूले आगामी स्थानीय तहका उपनिर्वाचनमा 'अग्रभोटिङ' व्यवस्था गर्न तथा 'नो भोटिङ' प्रणालीले उम्मेदवार र राजनीतिक दललाई प्रोत्साहन मिल्छ भन्ने पाटो बुझाउन आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो। उक्त संस्थाले समानुपातिकतर्फ खुला सूची प्रणाली लागू गर्दै मतदाताले दललाई मात्र नभई व्यक्तिलाई पनि प्रत्यक्ष रूपमा छनोट गर्ने व्यवस्था मिलाउन पनि ध्यानाकर्षण गराएको छ।

त्यस्तै निर्वाचन विवाद निरूपणका लागि स्वतन्त्र र छिटो न्याय प्रदान गर्ने विशेष मार्ग अवलम्बनको व्यवस्था मिलाउन सुझाव दिएको छ ।रासस

# डब्ल्युटीओ व्यापार तथा वातावरण समितिको अध्यक्षमा नेपाल चयन



काठमाण्डु । नेपाल विश्व व्यापार स्गठन (डब्ल्युटीओ) व्यापार तथा वातावरण समितिको अध्यक्ष चयन भएको छ। संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तरराष्ट्रिय सङ्घसङ्गठनहरूका लागि जेनेभास्थित नेपालको स्थायी नियोगका अनुसार यही फागुन २७ गतेको महासभा बैठकले नेपाललाई एक वर्षे कार्यकालका लागि सर्वसम्मत रूपमा अध्यक्ष चयन गरेको हो।

समिति डब्ल्युटीओ सदस्य राष्ट्रहरूबीच व्यापार नीतिहरूका कारण वातावरणमा पर्ने प्रभाव र पर्यावरण नीतिहरूले व्यापारमा पर्ने प्रभाव तथा जलवायुसम्बन्धी व्यापारका विषय सम्बोधन गर्ने मञ्च हो। अल्प विकसित राष्ट्रको सूचीबाट बाहिरिने क्रममा रहेको मुलुकका निम्ति प्राप्त यो भूमिका डब्ल्युटीओ सदस्यहरूसँग नजिकबाट सहकार्य गर्दै नेपालको व्यापारलाई विश्वव्यापी बजारमा एकीकृत गर्न योगदान पुग्ने अपेक्षा गरिएको छ।

संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तरराष्ट्रिय सङ्घसङ्गठनहरूका लागि नेपालका स्थायी प्रतिनिधि रामप्रसाद सुवेदीले समितिमा मुलुकको प्रतिनिधित्व गर्नुहुनेछ ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। छैन अझै महिला सुरक्षा ।।

यो समाजको भीडमा
छोरी अझै डर लिएर हिँड्छे,
आँखामा हजार सपना बोकेर पनि
मनभित्र पीडा लुकाएर बाँचिरहेकी हुन्छे।
किताबमा लेखिएको सम्मान
बोलिमा मात्र सीमित देखिन्छ,
यथार्थको कठोर दुनियाँमा
किन छोरीको अधिकार हराइरहन्छ?
कति छोरीका आँसु लुकेका छन्
यो समाजका भीडभित्र,
कति सपना चकनाचुर भएका छन्
नसुन्ने आवाजका चित्कारभित्र।
नशाले मानिसको विवेक हराउँछ,
मानवता पनि टाढा जान्छ,
क्षणिक आनन्द खोज्दै गर्दा
अरूको जीवन अँध्यारो बनाउँछ।
गाउँका गल्ली, सहरका सडक
किन अझै सुरक्षित छैनन्?
किन छोरीका आँसुहरू
समाजले देख्न सक्दैन?
सरकारको पनि जिम्मेवारी छ
सुरक्षाको ढोका खोल्न,
कडा कानुन र सही न्यायले
अन्यायलाई टाढा धकेल्न।



लेखक खुसी कालीकोटे

## ।। किछ गाउँ-ए मे छुइट गेल ।।

उ खानाके स्वाद,हर बात के जवाब
मौन भ के भि खुस रहे के मिजाज
पथर प चलली जखन अङ्ठा फुइट गेल
३ किछ गाउँ-ए मे छुइट गेल ३
ओकर गलिमे चले जे हावा
मनके मोहे हर बात से सादा
अन्दाज नयाँ नयाँ सिखे सिखावे प्रेमके
जे कहे दुर रहेला इ दुनियाँ अन्धेरसे
पायल ओकरो कतौ टुइट गेल
३ किछ गाउँ-ए मे छुइट गेल ३
रंग बिरंग मोसम सतरडी देखि आसमानमे
दिया हाथप जलाबी किताब रखी सामने
निन्द जल्दी नैय आवे फुल्के महकसे
उन्नत के खोजमे जनत सब लुइट गेल
३किछ गाउँ-ए मे छुइट गेल ३
बाग से बगिचा तक के एगो सफर रहे
निन्द भेल दुश्मन मन भेल कैद
मन से कच्चा उमेर भेल सफेद
कोइ अपनो हैय,इहे ख्याल रैह गेल
३किछ गाउँ -ए मे छुइट गेल ३
काट छुटिय इ अकेला पन
याद अबैय देश अपन
सुरुसे मन जिए के होइय
फेर देह छोरेके मन होइय
जेना लागे इ जन्म कैद भ गेल
३ किछ गाउँ-ए मे छुइट गेल ३



कलम : स्नेही साह

## ।।जिन्दगीको भारी।।

जिन्दगी धेरै अन्योलमा परी सकेछ,
कता जाँदै छु, आफैंलाई थाहा छैन।
उमेर त हरेक दिन घट्दै गइरहेछ,
तर जिम्मेवारी भने कम हुँदैन।
सपनाहरू धेरै थिए बालापनमा,
आकाश छुने चाहना पनि थियो।
तर आज बोझ यति बढिसक्यो,
कि हाँस्न पनि कहिलेकाहीँ गाह्रो भयो।
आँखा अगाडि समय दौडिरहेछ,
म भने अझै बाटो खोज्दै छु।
मनभित्र हजार पीडा लुकाएर,
सबैको लागि मुस्कान ओढ्दै छु।
कहिलेकाहीँ लाग्छ थाकिसकेको छु,
तर रोकिने अधिकार पनि छैन।
किनकि जिन्दगीको यो यात्रामा,
हार मान्ने विकल्प पनि छैन।
सायद यही नै जिन्दगी रहेछ,
दुःखसँगै आशा बोकेर हिँड्नु।
टुटेको मनलाई फेरि समेटेर,
भोलिको उज्यालो कुरेर बाँच्नु।



लेखक :दिलीप कुमार दास
ठेगाना: धनुषाधाम -0४ लक्ष्मीपुर

## ।। पुरनका पाटीके पत्ता साफ भेलै ।।

पुरना पाटीके पत्ता साफ भेलै
नया पाटीके जय जय कार भेलै
आब देशमे विकास हेतै जनता लेल
गरीब निमुखा जनताके रोजगार भेटतै
विदेश नै जाई पर्तै देशमे सोरोजगार हेतै
नया युवा युवती जितलै
किसानके समयमे बिउ बिजन मलखाद मिल्तै
भष्टाचारी कैनिहारके छानबिन हेतै
चोर फटहा बलत्कारी के जेल जैतै
जेनजी बौवा बुच्ची मार बलाके
कानून कार्वाई सेहो हेतै
आब गरीब नै भुखर रहतै
बाल बचाके स्कूल कलेज पढैतै
पुरना का पाटीके पत्ता साफ भेलै
नया पाटी के जय जय कार भेलै



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। छौरा ।।

हम सब छि मधेसिया छौरा
सीप आ हुन्नार के करैछी सलाम
छौरी सब छै पढल लिखल घासकटनी
छौरा सब छै कमौवा पुत मधेस के
छौरी सब सेहो डाक्टर इन्जिनियर बैन गेल छै
छौरा सब के त बाते छोरु
किसानी मे दुगुणा आ
पढ लिखमे चौगुणा छै
सलाम छै तराई बासी के
देश के कोना कोना मे वर्चस्व कायम राख्ने छै
छौरा छौरी सब बुढबा के त कान काटेमे तेज छै
हमर नेपाल स्वतन्त्र नेपाल
विभाजित छै हिमाल पहाड आ तराई मे
विश्व के प्रतिबिम्ब छै नेपाल
सर्वोत्कृष्ट विश्व उच्च शिखर
सगरमाथा छै नेपाल मे
पौराणिक सम्पदा जानकी मन्दिर छै जनकपुरधाम मे
सिद्धार्थ गौतम बुद्ध भगवान छै छौरा लुम्बिनी नेपाल के
गर्व करैछी कि हम सब नेपाल भुमीमे जन्म लेली
मधेस समथर है किसानी होइछै यहाँ दुर्तगतिमे
हम सब छोराछोरी छि मधेसक शान आ नेपालक मान
यि छे गुमान हाम्रा सब छौराछोरी मे
किसानी मेरुदण्ड छै मधेसक
सम्हारे छै पहाडो के आ हिमालि भेग के
मन हिल्सै छै पहाडवाला आ हिमाली भेगवालाके
तराईमे आवमे आ घर बनाक रहला
हम सब तारा छि मधेस के
आन छि सब लोकेनके
हम सब गर्व करैछी
छौरा छौरी छि मधेस के



कवि प्रमोद राम
जनकपुरधाम

## मेरो हार हुँदैछ

हेरेको थियो मैले ,
हजारो सपना
त्यो सपनामा पनि
हार हुँदै छ!
जस्तो लाग्छ मलाई ।
सपना बोकेर अघि ,
बढेको थियो।
मेहनतले बाटो खोजे
तर, बाधा र दुः खका पहाडले !
मलाई बारम्बार रोके ।
कति चोटि लडे बाटोमा ,
कति आँसु बगाए ।।
आफ्नो भाग्यलाई दोष दिदै ,
मनभित्र पीड लुकाए !
ऐना हेर्दा ,मनले अझै भन्छ ,
हार मान्न्न कायरता हो ।
तर अन्धकार पछि उज्यालो आउछ
जीवनको यहि सत्यता हो।
आज मेरो हार हुँदा ,
भोलि जित अवश्य हुन्छ ।
आसा साह्स र विश्वासले
मेरो जिबनमा फेरि जित हुनेछ ।



कृष्ण कुमार महतो
ठेगाना :बर्दिबास-७,प्रेमनगर
अध्ययनरत :श्री महेन्द्र मावि ,ढल्केवर

## ।। नारीव्यथा ।।

असुरक्षित हुन् नारी प्राचीन युगदेखि ।
च्यात्दैछ न्यायपृष्ठ पुरुष लेखिलेखि ।।
स्वयम् ईन्द्रदेव भएर स्वर्गको राजा ।
हबस नसामा डुबाइ मनको लज्जा ।।
पद सत्ताको अहंकारमा भएर पागल ।
दाग कलङ्कित गर्यो स्वच्छ आँचल ।।
बिचारी पुष्पझै अहल्या भईन पत्थर ।
पति गौतमऋषिकै श्रापले क्षणप्रहर ।।
बलात्कारी ईन्द्र तत्क्षण भयो फरार ।
स्वतन्त्र रतिरागी मग्न निजी दरबार ।।
शक्ति बल धनको अभिमानी रावण ।
धूर्त षड्यन्त्र रचेर गर्यो सीता हरण ।।
नीच पापी अधर्मी दुराचारी दुशासन ।
भीड सभामा गर्यो द्रौपदी चीर हरण ।।
हाल यस्तै बालिका किशोरी युवती ।
बन्दैछिन् हबसको सिकार दिनप्रति ।।
लिइ दुर्गा महाकाली भैरवी अवतार ।
हबसको राक्षसलाई गर्नुपर्छ संहार ।।
हुदैन सफल मानवसमाज नवनिर्मित ।
हुदैन तबसम्म नारी शक्ति पुनःजागृत ।।



कवि: राम मण्डल
ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा
धनुषा, नेपाल ।

## ।। म आफैं मेरो शक्ति ।।

म हार्दिन, म थाक्दिन,
आँधी आयो भने पनि म झुक्दिन।
मेरो सपना मेरो साथ,
अँध्यारोमा पनि देख्छु उज्यालो बाट।
हिजोको हारले मलाई सिकायो,
आजको कदमले मलाई बनायो।
म आफैं मेरो शक्ति हुँ,
मेरो बाटो म आफैं बनाउँछु।



लेखक रोहन भुजेल
जनकपुर -४

## ।। मपाई ।।

म र मेरो अनायास बुझाई, देखाइको
अहम्, घमंड, फूर्की र तुर्की को
आफ्नै भीड मै सुन्न वाहवाही को
मनपरी बेढङ्गी कारबाहीको
क्षति बेहोर्न र छाती फुलाइने तालीको
म नै हुँ, भन्ने भावनात्मक गालीको
मेरै फूर्फुरी चल्ने र हाँक्ने हाली मोहालीको
मेरै कुरा नै सर्वे-सर्वा गराउने कङ्गाली को
यत्र तत्र सर्वत्र म र मेरै गुण गान मात्रैको
म बाट पनि म मात्र लागि नै ल्याइदिने स्यावासी को
म भन्दा ठूलो शून्य र नगन्यता झै उपस्थिति को
एक बोली नै सर्बो सम्मती र सर्व मान्य अनुभूतिको
उग्रगामी, दुर्र गामि, छुद्र गामी, ब हू र्य धामी को
एकलौटी शासन प्रशासन आशन भाषन सिंहासन को
मेरै जरा म नै लगाई, जगाई, डराई, भगाई, खसाई उठाको
म र मेरो मपाई !
अन्ततः म नै, मलाई नै खसाईएको
स्खलित पछिको स्थिरता सरह निरिह उदण्डित
म र मेरो मपाई !!
हारिएको दण्डित मै को जाल मा फसाईको पण्डित
विखण्डित विसंगति अभिमत सहित अभिमानित एक्लोपन को
म र मेरो मपाई !!!



मो. आजाद

## ।। सपना र संघर्ष ।।

समयसँगै जिम्मेवारी बढ्छ,
सपना पनि ठूलो बन्दै जान्छ।
परिश्रम र धैर्यको बाटोमा,
सफलताको फूल फुल्दै जान्छ।
कहिले दुःखले आँखा रसाउँछ,
कहिले खुशीले मन नाच्छ।
तर जीवनको यही रीत हो,
हार नमानी अघि बढ्नु पर्छ।
आशा बोकी हिँड्ने मान्छे,
कहिल्यै एक्लो हुँदैन।
विश्वास र साहस साथ भए,
अँध्यारो पनि उज्यालो बन्छ।



लेखक विनय दाहाल काजी

# ६६ वर्षकी नीना गर्भवती भएकी हुन् ?

बलिउड अभिनेत्री नीना गुप्ताको एक तस्वीर यतिबेला सामाजिक सञ्जालमा भाइरल भइरहेको छ । केही दिनअघि नवविवाहित जोडी विजय देवरकोन्डा र रश्मिका मन्दानाको रिसेप्सन पार्टीमा उनी सेतो रंगको साडी लगाएर उपस्थित भएकी थिइन् । त्यसबेला उनको पेट गर्भवतीको जस्तो देखिएको थियो । यसपछि उनी आमा बन्न लागेको भन्दै व्यापक अफवाह फैलिएको छ ।

नानीले आफूलाई बधाईको ओइरो लाग्न थालेपछि यसबारे स्पष्टीकरण दिएकी छन् । उनले बलिउड हंगामासँगको कुराकानीमा आफू गर्भवती नभएको बताएकी छन् । उनले भनेकी छन्, 'म यही चाहन्छु कि एक रियल बधाई हो । 'बधाई हो' जस्तो कुनै सिन । तर, म गर्भवती छैन । खासमा मैले पार्टीमा लगाएको साडीको कपडा मोटो थियो, जसले गर्दा पेट



निस्किएको जस्तो लागेको हो ।' उनी आफू गर्भवती भएको अफवाह फैलिएकोमा दुःखी भने छैनन् । भन्छिन्, 'यो उमेरमा मेरो बारेमा प्रेग्नेन्सीसम्बन्धी समाचारहरू आउँदा मलाई धेरै खुशी लागेको छ । यसले देखाउँछ कि हामी राष्ट्रको रूपमा विकसित हुँदैछौं ।' स्मरण रहोस् कि उनले सुपरहिट फिल्म 'बधाई हो'मा ६० वर्षको उमेरमा गर्भवती हुने महिलाको भूमिका निभाएकी थिइन् ।

नीनाको विवाह उमेरले ५० कटेपछि भएको थियो । उनले सन् २००८ मा दिल्लीका चार्टर्ड अकाउन्टेन्ट विवेक मेहरासँग विवाह गरेकी थिइन् । त्यसअघि उनले एकल आमा भएर आफ्नी छोरी मसाबा गुप्तालाई एक्लै हुर्काउँदै आएकी थिइन् । वेस्ट इन्डिजका पूर्व क्रिकेटर विवियन रिचड्र्ससँग विवाह बिनै नीनाले सन् १९८९ मा छोरी मसाबालाई जन्म दिएकी थिइन् । फिल्मीखबर

# ९१ मत पाएकी निशाको चुनाव खर्च साढे ७ लाखमाथि

काठमाण्डु । काठमाडौं क्षेत्र नम्बर ५ बाट संसदीय चुनाव लडेकी अभिनेत्री निशा अधिकारीले आफ्नो चुनावी खर्चको विवरण निर्वाचन आयोगमा बुझाएकी छन् । प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ तथा निर्वाचन आयोगले स्वीकृत गरेको निर्वाचन आचारसंहिता बमोजिम उनले शुक्रबार आयोगमा चुनावी प्रचारप्रसार र व्यवस्थापनको खर्च विवरण पेस गरेकी हुन् ।



निशाले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको विवरण अनुसार उनको चुनावी अभियानमा ७ लाख ७६ हजार ९२१ रुपैयाँ खर्च भएको छ । उनको सबैभन्दा धेरै खर्च सामाजिक सञ्जाल (विज्ञापन र डिजाइन)मा भएको देखिन्छ । यसमा उनले साढे २ लाख रुपैयाँ खर्च गरेकी छन् । कार्यालय सञ्चालन, सवारी साधन, फोटो-भिडियो लगायतमा पनि उनको ठूलो खर्च भएको देखिन्छ ।

उनले चुनावी खर्चसँगै निर्वाचन (कसूर तथा सजाय) ऐन २०७३ को दफा ३१ बमोजिम आम्दानीको विवरण पनि आयोगमा बुझाएकी छन् । उनले आफू चुनाव लडेको गतिशील लोकतान्त्रिक पार्टीबाट २ लाख रुपैयाँ, व्यक्तिगत सहयोगबाट ५ लाख ४९ हजार ६७ रुपैयाँ र उम्मेदवारको तर्फबाट २७ हजार ८५५ रुपैयाँ प्राप्त भएको विवरणमा उल्लेख गरेकी छन् ।

गत माघ ६ गते उम्मेदवारी दर्ता गराएसँगै निशाले ५ बुँदे एजेन्डासहित काठमाडौं-५ मा चुनावी अभियान तीव्र बनाएकी थिइन् । तर, उनले अपेक्षाअनुसार मत भने पाउन सकिनन् । उनको जमानत समेत जफत भयो । उनले जम्मा ९१ मत पाइन् । चुनावमा पराजय बेहोरेपछि उनले सामाजिक सञ्जालमार्फत संसदमा पुग्ने सपना अझै जीवित रहेको बताएकी थिइन् । फिल्मीखबर

# 'वायु प्रदूषणले नेपालमा बर्सेनि ४२ हजार मानिसको मृत्यु हुने गरेको छ'



काठमाण्डु । वायु प्रदूषणका कारण नेपालमा बर्सेनि करिब ४२ हजार मानिसको मृत्यु हुने गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले तीमध्ये २१ प्रतिशत मृत्यु पाँच वर्षमुनिका बालबालिका रहने गरेका बताउनुभयो । वायु प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी दम, मुटुरोग तथा हृदयघात, मस्तिष्कघात, उच्च रक्तचाप, मधुमेह, क्यान्सर र स्मरणशक्ति कमजोर हुने समस्या देखिने गरेको उहाँले बताउनुभयो ।

प्रदूषणका कारण बालबालिकालाई श्वासप्रश्वाससम्बन्धी समस्या देखिनु, मुटुसम्बन्धी रोग हुने सम्भावना बढ्नु, शिशु बिरामीदर बढ्नु, बाल्यकालमा क्यान्सरको जोखिम हुनु, मस्तिष्क विकासमा ढिलाइ र असामान्य व्यवहार देखिनु, कुपोषणको देखिनु जस्ता समस्या पनि देखिने गरेका विज्ञहरूले बताउने गरेका छन् । यस्तै, कम तौलको बच्चा जन्मिनु, रक्तअल्पता हुनु, बाँझोपन हुनु, गर्भकालीन मधुमेह हुनु, मानसिक स्वास्थ्य समस्या देखिनु जस्ता समस्या आउने गरेका छन् । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को मापदण्डभन्दा नेपालमा वायु प्रदूषण आठ गुणा बढी देखिएको मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले जानकारी दिनुभयो । नेपालमा बिहीबार वायु गुणस्तर सूचक १८५ सम्म देखिएको उहाँले बताउनुभयो ।

डब्लुएचओको मापदण्डअनुसार स्वास्थ्यका लागि हानिकारक मानिने सूक्ष्म कणको वार्षिक औसत मात्रा प्रतिघनमिटर पाँच माइक्रोग्रामभन्दा बढी हुनुहुँदैन । सूक्ष्म कण त्योभन्दा कम भएमा हावामा तैरने सक्ने र जसले स्वासप्रश्वास प्रक्रियामा फोक्सोसम्म पुग्ने गरेको डा बुढाथोकीले बताउनुभयो । नेपालमा डब्लुएचओको मापदण्डभन्दा बढी नै प्रदूषण भएको उहाँले बताउनुभयो । वायु गुणस्तर सूचक ० देखि ५० सम्म स्वस्थ, ५१ देखि १०० सचेत, १०१ देखि १५१ सम्म जोखिम समूह (ज्येष्ठ नागरिक, दीर्घरोग र बालबालिका) का लागि हानिकारक मानिन्छ । वायु गुणस्तर सूचक १५१ भन्दामाथि भएमा अस्वस्थ्य मानिने गरिएको छ ।

यसलाई डब्लुएचओको मापदण्डभित्र पुर्याउन सके हरेक वर्ष नेपालीको आयु तीन दशमलव तीन वर्षले बढ्ने अनुमान गरिएको छ ।रासस

# खेल पर्यटन प्रवर्द्धन प्राथमिकतामा छ : मुख्यमन्त्री आचार्य

लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन धार्मिक, सांस्कृतिक तथा खेल पर्यटनलाई प्राथमिकतामा राखेर प्रदेश सरकारले योजना निर्माण गरिरहेको बताउनुभएको छ ।

प्रदेश राजधानीस्थित राप्ती गाउँपालिकाको नवौं स्थापना दिवसका अवसरमा शुक्रबार देविकोटमा आयोजित देविकोट दर्शन दौड प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले धार्मिक, सांस्कृतिक तथा खेल पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकाससँगै सामाजिक विकासलाई पनि प्राथमिकतामा राखिएको स्पष्ट पार्नुभयो । उहाँले देविकोट क्षेत्रको धार्मिक तथा ऐतिहासिक महत्व उल्लेख गर्दै यहाँ पर्यटकहरूको आवागमन बढाउन आवश्यक पूर्वाधार विकासमा प्रदेश सरकारले ध्यान दिने बताउनुभयो ।

लुम्बिनी प्रदेशका युवा तथा खेलकुदमन्त्री सन्तोषकुमार पाण्डेले खेललाई पर्यटनसँग जोडेर प्रदेश सरकारले कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो । प्रदेशका पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य इन्द्रजित थारूले प्रदेश सरकार गठनपछि दुर्गम बस्तीहरूमा आधारभूत विकासका पूर्वाधार विस्तार भएको बताउनुभयो । राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश बिष्टले कार्यशैली परिवर्तन गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी



बनाइने बताउनुभयो ।

स्थापना दिवसका अवसरमा आयोजित प्रथम खुला पुरुष तथा महिला क्रस कन्ट्री दौड प्रतियोगितामा पुरुषतर्फ डोल्पाका अर्जुन बुढा र महिलातर्फ कर्णालीकी पूर्णलक्ष्मी न्यौपाने प्रथम हुनुभएको छ । प्रतियोगितामा अर्जुन बुढाले २५ मिनेट ४४ दशमलव सात सेकेन्डमा दौड पूरा गर्दै पहिलो स्थान हासिल गर्नुभयो । जुम्लाका चन्द्र रावत ३४ मिनेट ४१ दशमलव ६ सेकेन्डका साथ दोस्रो तथा जुम्लाकै युवराज बुढा ३६ मिनेट ५१ दशमलव नौ सेकेन्डमा तेस्रो स्थानमा रहनुभयो ।

त्यस्तै, तुलसीपुरका विशालकुमार महत ४० मिनेट ०४ दशमलव दुई सेकेन्डमा चौथो, गोरखाका सञ्जय श्रेष्ठ ४१ मिनेट १७ दशमलव तीन सेकेन्डमा पाँचौं र दार्चुलाका अक्कल पाल ४१ मिनेट १७ दशमलव पाँच सेकेन्डमा छैटौं स्थानमा रहनुभयो ।महिलातर्फ कर्णालीकी पूर्णलक्ष्मी न्यौपानेले ४८ मिनेट ०३ दशमलव ०१ सेकेन्डमा दौड पूरा गर्दै पहिलो स्थान हासिल गर्नुभयो । कर्णालीकी कल्पना बुढा ५० मिनेट ३९ दशमलव ०३ सेकेन्डमा दोस्रो तथा जुम्लाकी सन्देवा बुढा ५२ मिनेट २४ दशमलव दुई सेकेन्डका साथ तेस्रो स्थानमा रहनुभयो ।

जुम्लाकी सुन्तली पाण्डे ५८ मिनेट १८ दशमलव एक सेकेन्डमा चौथो, सुदूरपश्चिमकी सरस्वती भट्टराई ५८ मिनेट ०६ दशमलव चार सेकेन्डमा पाँचौं र जुम्लाकी अन्तिमा बुढा ५९ मिनेट २१ दशमलव ६ सेकेन्डमा छैटौं स्थानमा रहनुभयो ।प्रतियोगितामा प्रथम हुनेलाई रु ५० हजार, द्वितीय हुनेलाई रु ४० हजार र तृतीय हुनेलाई रु ३० हजार पुरस्कार प्रदान गरिएको थियो । प्रतियोगिताको उद्घाटन लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले गर्नुभएको थियो ।रासस

# उम्मेदवारको खर्चमा पारदर्शिता देखिएनः संयुक्त पर्यवेक्षण प्रतिवेदन




काठमाण्डु । प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारहरुको खर्चमा पारदर्शीता नदेखिएको संयुक्त प्रारम्भिक पर्यवेक्षण प्रतिवेदनले जनाएको छ । राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) र निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल) को संयुक्त प्रारम्भिक निर्वाचन पर्यवेक्षण प्रतिवेदनमा निर्वाचनको अभियान खर्चमा कानुनी सीमा र वास्तविक खर्चबीच ठूलो अन्तर देखिएको उल्लेख छ ।

प्रतिवेदनमा निर्वाचन आयोगले उम्मेदवारका लागि तोकिएको खर्च सीमाभन्दा व्यवहारमा करोडौं रुपैयाँसम्म खर्च भएको पाइएको उल्लेख छ । आज यहाँ आयोजित पत्रकार सम्मेलनमार्फत नियोकका अध्यक्ष डा गोपालकृष्ण सिवाकोटीले अभियान खर्च र प्रचार विधिबारे निर्वाचन खर्च सम्बन्धि विस्तृत अनुसन्धान प्रतिबेदन छुट्टै प्रकाशन गरिने जानकारी दिनुभयो ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका उम्मेदवारका लागि भूगोलअनुसार अधिकतम खर्च सीमा रु ३३ लाख तोकिएको थियो भने समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारका लागि करिब रु दुई लाख खर्च सीमा निर्धारण गरिएको थियो । तर उच्च प्रोफाइल निर्वाचन क्षेत्रमा वास्तविक खर्च आयोगले तोकेको खर्चको सीमाभन्दा बढी भएको पाइएको डा सिवाकोटीले बताउनुभयो । अन्य क्षेत्रमा समेत तोकिएको सीमाभन्दा १० गुणा बढीसम्म खर्च गरेको पाइएको प्रतिवेदनको दाबी छ ।

यस्तै, डिजिटल प्रचारप्रसारमा बढ्दो निर्भरता पनि खर्चको पारदर्शिताका लागि चुनौती बनेको प्रतिवेदनले उल्लेख गरेको छ । उम्मेदवारी दर्तापछि सामाजिक सञ्जाल व्यवस्थापक, कन्टेन्ट क्रिएटर तथा डिजिटल प्रचारसम्बन्धी सेवाको माग उल्लेखनीय रूपमा बढेको र यस्ता सेवाको शुल्क लाखौं रुपैयाँसम्म पुग्ने गरेको उल्लेख गरिएको छ । तर, यी खर्चहरू प्रायः औपचारिक खर्च विवरणमा समावेश नहुने भएकाले 'अदृश्य खर्च' बढिरहेको प्रतिवेदनले औंल्याएको छ ।

निर्वाचन आयोगले डिजिटल प्रचारको अनुगमनका लागि मेटा र टिकटक जस्ता सामाजिक सञ्जाल 'प्लेटफर्म'सँग सहकार्य गरेको थियो । त्यस्तै, संयुक्त राष्ट्रसङ्घ युएनडिपी र द एसिया फाउन्डेसनको प्राविधिक सहयोगमा सामाजिक सञ्जाल र 'डिजिटल' सामग्रीको निगरानीका लागि विशेष सफ्टवेयर प्रयोग गरिएको प्रतिवेदनमा उल्लेख छ । तर, सामाजिक सञ्जालमार्फत हुने विज्ञापन खर्च अझै अपारदर्शी रहेको प्रतिवेदनले देखाएको इओसी नेपालका अध्यक्ष अधिवक्ता श्रीकृष्ण सुवेदीले बताउनुभयो ।

"यो केव वित्तीय खाडल केवल पारदर्शीताको समस्या होइन, यो एउटा संरचनागत बाधा हो, जसले महिला दलित उम्मेदवार र दाता सञ्जालसम्म पहुँचमा भएका व्यक्तिहरुलाई व्यवस्थित रुपमा अर्थपूर्ण प्रतिष्पर्धाबाट बाहिर राख्छ", उहाँले भन्नुभयो ।प्रतिवेदनमा पर्यवेक्षणका क्रममा निर्वाचन आयोगप्रति सरोकारवालाको भरोसा उच्च रहेको तर मतदाता शिक्षामा कमी र दुर्गम क्षेत्रमा सूचनाको असमान पहुँच व्यापक रुपमा देखिएको उल्लेख छ ।रासस

# गृहमन्त्रीसमक्ष धादिङ बस दुर्घटना छानबिन कार्यदलको प्रतिवेदन पेस

काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालसमक्ष धादिङ बस दुर्घटना छानबिन कार्यदलले प्रतिवेदन बुझाइएको छ ।

गत फागुन ११ गते पृथ्वी राजमार्गअन्तर्गत पोखराबाट काठमाडौंआउँदैगरेकोग२ख१४२१ नम्बरको यात्रुबस राति धादिङको बेनिघाट रोराङ गाउँपालिका-५ भैंसेगौंडाबाट त्रिशूली नदी किनारमा खसेर दुर्घटना भएपछि सरकारले सो घटनाको अध्ययनका लागि कार्यदल गठन गरेको थियो ।

गृहमन्त्री अर्यालले घटनाको बारेमा छानबिन गरी सडक यातायातलाई सुरक्षित, विश्वसनीय र भरपर्दो बनाउन कार्यदेश बमोजिम सुझावसहितको प्रतिवेदन एक हप्ताभित्र पेस गर्न गृह मन्त्रालयका सहसचिव ऋषिराम तिवारीको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गर्नुभएको थियो । उक्त समितिले दुई हप्ता अध्ययन गरेर शुक्रबार गृहमन्त्रीसमक्ष प्रतिवेदन बुझाएको हो ।



सहसचिव तिवारीको संयोजकत्वमा गठित कार्यदलको सदस्यमा नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) भुवनेश्वर तिवारी, सशस्त्र प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) भरत खनियाँ, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका सचिव किरणकुमार खड्का, सडक विभागका सिडिई राकेश महर्जन, यातायात व्यवस्था विभागका निर्देशक श्रीकान्त यादव र गृह मन्त्रालयका उपसचिव ब्रतराज पौडेल सदस्यसचिव रहनुभएको थियो ।

उक्त कार्यदलले घटना के, कसरी र कसको लापरबाही वा कमजोरीले भएको देखिन्छ एवं घटनामा ज्यान गुमाएका यात्रुहरूका परिवारलाई के-कस्तो राहत उपलब्ध गराउन सकिन्छ भन्नने राय दिएको छ ।

त्यसैगरी आगामी दिनमा यस्ता घटना हुन नदिन विभिन्न निकायले चाल्नुपर्ने कदमहरूलगायत विषयमा अध्ययन गरेर सरकारलाई राय दिएको छ । कार्यदलले सवारी चालकले कुनै कारणबस सवारी साधनमाथि प्रभावकारी नियन्त्रण कायम राख्न नसक्दा सवारी अचानक अनियन्त्रित भई सडकबाट तल खस्न गई दुर्घटना भएको नित्कर्ष निकालेको छ । चालक थकान, रात्रिकालीन सवारी सञ्चालन तथा सम्भावित ध्यान विचलन दुर्घटनाको कारण भएको उल्लेख गरेको छ ।

उक्त कार्यदलले तत्काल सार्वजनिक सवारीचालक थकान व्यवस्थापन प्रणाली लागू गर्नुपर्ने, रात्रिकालीन बस सञ्चालनमा चालकको अधिकतम कार्य समय र अनिवार्य विश्रामको व्यवस्था लागू गर्नुपर्ने र सार्वजनिक सवारीमा अनिवार्य डिजिटल निगरानी प्रविधि लागू गर्नुपर्ने राय दिएको छ ।प्रतिवेदन बुझ्दै गृहमन्त्री अर्यालले कार्यदलले बुझाएको प्रतिवेदनलाई चाँडो कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो । धादिङमा भएको उक्त बस दुर्घटनामा परेर १९ जनाको मृत्यु हुनुका साथै २५ जना घाइते भएका थिए ।रासस

# वन मन्त्रालयमा 'जेड्सी' कार्यान्वयन

काठमाण्डु । वन तथा वातावरण मन्त्रालयले 'वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना २०८२-२०९१ (जेड्सी)' लागू गरेको छ ।

दस वर्षदेखि तयारी गर्दै आएको उक्त रणनीति फागुन १५ गते देखि स्वीकृत भई लागू गरिएको हो । शुक्रबार मन्त्रालयले कार्यक्रम आयोजना गरी वन तथा वातावरणमन्त्री माधवप्रसाद चौलागाईंले रणनीति दस्तावेज सार्वजनिक गर्नुभयो । उहाँले भन्नुभयो, "वन क्षेत्रमा लैङ्गिक सहभागिताले महिलाको नेतृत्व विकासमा ठूलो टेवा पुर्याएको छ ।" मन्त्री चौलागाईंले हालै पारित भएको रणनीतिलाई सबै क्षेत्रमा व्यावहारिक रुपमा कार्यान्वयन गर्न आग्रह गर्नुभयो । साथै, नीतिसँगै नियती बदलेर लैङ्गिकमैत्री कार्यस्थल बनाउन समेत उहाँले जोड दिनुभयो ।

कार्यक्रममा मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्माले रणनीति आउनु आफैंमा पहिलो सफलता रहेको उल्लेख गर्दै यसलाई व्यवहारमा उतार्न सम्बन्धित क्षेत्रको प्रमुख दायित्व हुने बताउनुभयो । लैङ्गिक मैत्री समाजिक न्याय स्थापना गर्न आवश्यक बजेटको समेत महत्व हुने हुँदा यसतर्फ संवेदनशील हुन जरुरी रहेको उहाँको भनाइ थियो ।कार्यक्रममा वन तथा वातावरण मन्त्रालयअन्तर्गत कार्यरत विभिन्न विभागका लैङ्गिक सम्पर्क व्यक्तिलाई कदरपत्रसहित सम्मान गरिएको थियो ।



सो अवसरमा वन मन्त्रालयका उपसचिव दीपा ओलीले हालै लागू गरिएको वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (२०८२-२०९१) मा समावेश गरिएका महत्वपूर्ण बुँदा प्रस्तुत गर्नुभयो ।

विभिन्न ७४ रणनीतिअन्तर्गत कार्ययोजना समेटिएको छ । जसमा हरेक पाँच वर्षमा रणनीति तथा कार्ययोजनाको पुनरावलोकन गर्ने तथा हरेक तीन वर्षमा वन क्षेत्रमा लैङ्गिक मूलप्रवाहीकरण राष्ट्रिय कार्यशाला गोष्ठी आयोजना गर्ने उल्लेख छ ।

त्यस्तै, रणनीतिमा महिला कर्मचारीलाई वन परिसरमा सुविधायुक्त शिशु स्याहार केन्द्रको स्थापना र सञ्चालन गर्ने, महिला कर्मचारी सरुवा गर्दा बच्चा भएको दुई वर्षसम्म साथै माग भई आएमा श्रीमान्-श्रीमती दुवैलाई एकै जिल्लामा हुनेगरी सरुवा मापदण्ड बनाई कार्यान्वयन गर्ने, अपाङ्गमैत्री सवारीसाधनको व्यवस्था मिलाउने, कार्यालयमा रहेका स्रोत र साधन महिला एवं अपाङ्ग मैत्री बनाउनेलगायतका बुँदा समावेश गरिएको छ ।

कार्यक्रममा सामुदायिक वनका महासचिव पार्वता गौतम, वन प्राधिकरण सङ्घका अध्यक्ष राकेश कर्ण, विश्व वन्यजन्तु कोष नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङ, लैङ्गिक समानता विज्ञ कञ्चन लामालगायतले रणनीतिको महत्वबारे धारणा राख्नुभएको थियो ।रासस

# प्रदेश गौरवको आयोजनाका रूपमा अघि बढाउँछौं : मुख्यमन्त्री बानियाँ

बागमती । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले मकवानपुरको गौरीटार रङ्गशालालाई प्रदेश सरकारले गौरवको आयोजनाका रूपमा अघि बढाउने बताउनुभएको छ ।

'बृहत खेलकुद, कृषि तथा पर्यटन महोत्सव हेटौंडा २०८२' को शुक्रबार उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले गौरीटार रङ्गशालालाई अन्तरराष्ट्रियस्तरको खेलकुद प्रतियोगिता सञ्चालन हुनेगरी प्रदेशको गौरवका आयोजनाका रूपमा अघि बढाउने बताउनुभएको हो ।

"यहाँ हाम्रो गौरीटार रङ्गशाला छ, त्यहाँ थोरै बजेट खर्च गरेर केही काम पनि भएको छ", मुख्यमन्त्री बानियाँले भन्नुभयो, "अब त्यहाँ प्रदेश सरकारले एक अर्ब बढी बजेट लगानी गरेर अन्तरराष्ट्रियस्तरको खेलकुद प्रतियोगिता सञ्चालन गर्ने स्तरको संरचना निर्माण गर्नेछ ।" सो स्थानमा खेलकुद मैदान, स्वीमिङ पुल, ब्याडमिन्टन, क्रिकेट, बास्केटबल, फुटबललगायत सबै किसिमका खेलकुद प्रतियोगिता गर्न सकिने किसिमको संरचना निर्माण गरिने उहाँको भनाइ थियो ।

गौरीटार रङ्गशालामा आगामी एक महिनाभित्र बागमती प्रदेशस्तरीय खेल महोत्सव आयोजन गर्न लागिएको जानकारी दिँदै मुख्यमन्त्री बानियाँले बागमती खेलकुद विकास परिषद्ले आयोजना गर्न लागेको खेल महोत्सवलाई सफल बनाउन जिल्ला खेलकुद विकास समितिलगायत सरोकारवालाले सहयोग गर्नुपर्ने बताउनुभयो ।

खेलाडीहरू समाज र राष्ट्रका पहिचान भएकाले अन्तरराष्ट्रियस्तरका खेलाडी उत्पादनका लागि प्रदेश सरकारले सङ्घीय सरकार र स्थानीय सरकारसँग समन्वय, सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै खेलकुद क्षेत्रको विकास प्रदेश सरकारको प्राथमिकतामा रहेको बताउनुभयो ।कृषि, पर्यटन क्षेत्रको विकास गरी प्रदेशका जनताको आयस्रोत वृद्धि गर्ने विषयमा प्रदेश सरकार गम्भीर रहेको बताउनुहुँदै मुख्यमन्त्री



बानियाँले प्रदेशभित्र रहेका पर्यटकीय क्षेत्रहरूको संरक्षण, संवर्द्धन गरी पर्यटक क्षेत्रको विकास गर्न प्रदेश सरकारले काम अघि बढाएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी, मकवानपुर उद्योग बाणिज्य सङ्घका अध्यक्ष प्रमोदराज रानाभाट, नेपाल पत्रकार महासङ्घ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतले आफ्नो भनाइ राखेका थिए ।जिल्ला खेलकुद विकास समिति मकवानपुरको आयोजनामा हेटौंडा उपमहानगरपालिका-१० स्थित टिसीएनचौरमा आजदेखि सुरु भएको महोत्सव चैत १४ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ ।

जेनजी आन्दोलनका क्रममा भएको भौतिक क्षति पुनःस्थापना तथा खेलकुद सामग्रीको खरिद र खेलकुद क्षेत्रको विकास गर्ने उद्देश्यले आयोजना गरिएको उक्त महोत्सवमा खेलकुद सामग्री, व्यापार, स्थानीय कृषि उत्पादनका ४०० स्टल राखिएको जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष राजकुमार मोक्तानले जानकारी दिनुभयो ।महोत्सवमा विभिन्न जातजातिका झाँकी तथा राष्ट्रिय कलाकारद्वारा सांस्कृतिक कार्यक्रमसँगै राष्ट्रिय महिला भलिबल, राष्ट्रिय तेक्वान्दो, जिल्लास्तरीय भलिबल, ब्याटमिन्टन, दौड र कराते प्रतियोगितासमेत समावेश गरिएको अध्यक्ष मोक्तानले बताउनुभयो ।रासस

# ओलीद्वारा पितालाई श्रद्धाञ्जली अर्पण

भक्तपुर । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफ्ना पिता मोहनप्रसाद ओलीलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको छ ।

मध्यपुरथिमिस्थित नेपाल कोरिया मैत्री नगर अस्पतालमा शुक्रबार बिहान पूर्वप्रधानमन्त्री ओलीका पिता मोहनप्रसादको ९७ वर्षको उमेरमा निधन भएको थियो । पितालाई श्रद्धाञ्जली अर्पण गर्न अध्यक्ष ओली पत्नी राधिका शाक्यसहित अस्पताल पुग्नुभएको थियो ।

अस्पताल प्राङ्गणमा नेकपा (एमाले) का सचिव महेश बस्नेत, भानुभक्त ढकाललगायत केन्द्रीय नेता तथा स्थानीय नेता कार्यकर्ताले मोहनप्रसादलाई श्रद्धाञ्जली दिनुभएको थियो । अस्पतालका कार्यकारी निर्देशक डा डि के रैशनका अनुसार मोहनप्रसादलाई आज बिहान करिब ४:०० बजे उपचारका लागि अस्पताल ल्याइएको थियो । विगत छ महिनादेखि उहाँको यही अस्पतालमा स्वास्थ्य परीक्षण तथा उपचार भइरहेको थियो ।

दिवङ्गत मोहनप्रसादको आजै पशुपतिस्थित आर्यघाटमा दाहसंस्कार गरिने एमाले सचिव बस्नेतले जानकारी दिनुभयो । ओलीका जेठा पुत्र केपी ओली र कान्छा पुत्र जयप्रसाद ओलीसहित तीन छोरी हुनुहुन्छ ।

**अध्यक्ष ओलीका पिताको अन्त्येष्टि**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीका पिता मोहनप्रसाद ओलीको शुक्रबार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ ।

पूर्वप्रधानमन्त्री ओलीका पिता ओलीको ९७ वर्षको उमेरमा शुक्रबार भक्तपुरको नेपाल कोरियामैत्री अस्पतालमा उपचारका क्रममा आज बिहान निधन भएको थियो ।रासस

# इरानमा २०० लक्ष्यमा इजरायली आक्रमण



एएनआई

जेरुसेलम । इजरायली वायुसेनाले पछिल्लो २४ घण्टामा पश्चिमी र मध्य इरानका २०० भन्दा बढी सैन्य तथा रणनीतिक लक्ष्यमा व्यापक हवाई आक्रमण गरेको जनाएको छ । इजरायल-इरानबीच जारी तनावका बीच गरिएको यस आक्रमणले क्षेत्रीय सुरक्षा अवस्थालाई थप संवेदनशील बनाएको बताइएको छ ।

इजरायली वायुसेना (आइएएफ) का अनुसार सैन्य गुप्तचर निकायको निर्देशनमा दर्जनौँ लडाकू विमानले एक दिनभित्र तीव्र आक्रमण अभियान सञ्चालन गरेका थिए । आक्रमणका क्रममा ब्यालिस्टिक मिसाइल प्रक्षेपण प्रणाली, हवाई प्रतिरक्षा संयन्त्र तथा युद्धका लागि प्रयोग हुने उत्पादन स्थलहरूलाई लक्षित गरी धेरै हतियार प्रयोग गरिएको बताइएको छ ।

आइएएफले 'रोअर अफ द लायन' नामक अभियान सुरु भएयता इजरायलतर्फ हुने सम्भावित मिसाइल आक्रमण घटाउने उद्देश्यले इरानका विभिन्न सैन्य पूर्वाधारहरूमा सयौँ आक्रमणात्मक उडान सञ्चालन गरिएको जनाएको छ ।यसअघि इजरायली रक्षा बल (आइडिएफ) ले इरानी शासनले आणविक हतियार क्षमता विकास गर्न प्रयोग गरेको दाबी गरिएको 'तालिबान' नामक परिसर नष्ट गरिएको जानकारी दिएको थियो । उक्त परिसर सन् २००० को दशकमा सञ्चालन गरिएको गोप्य 'एएमएडी परियोजना" अन्तर्गत उन्नत विस्फोटक विकास र संवेदनशील परीक्षणका लागि प्रयोग गरिएको आइडिएफले दाबी गरेको छ ।

यसैबीच लेबनान मोर्चामा पनि इजरायली सेनाले हिजबुल्लाहसँग सम्बन्धित व्यक्तिहरूलाई लक्षित गरेको जनाएको छ । आइडिएफका अनुसार बेरुतस्थित हिजबुल्लाहभित्र इरानी रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) को मिसाइल एकाइका अपरेसन कमान्डर अबु धर मोहम्मदी मारिएका छन् । इजरायली सेनाले मोहम्मदी हिजबुल्लाह र इरानबीच समन्वय गर्ने प्रमुख व्यक्तित्व रहेको

> आक्रमणका क्रममा ब्यालिस्टिक मिसाइल प्रक्षेपण प्रणाली, हवाई प्रतिरक्षा संयन्त्र तथा युद्धका लागि प्रयोग हुने उत्पादन स्थलहरूलाई लक्षित गरी धेरै हतियार प्रयोग गरिएको बताइएको छ ।

तथा 'अपरेसन नर्दन एरोज' पछि हिजबुल्लाहको क्षेप्यास्त्र कार्यक्रम पुनःस्थापनामा महत्त्वपूर्ण भूमिका खेलेको दाबी गरेको छ ।

आइडिएफले इरानको इमाम हुसेन डिभिजनका वरिष्ठ कमान्डर अली मुस्लिम तबाजालाई पनि मारिएको जनाएको छ । इजरायली सेनाका अनुसार तबाजा हिजबुल्लाह तथा उक्त डिभिजन दुवैभित्र विभिन्न सैन्य जिम्मेवारी सम्हाल्दै आएका प्रमुख व्यक्ति थिए । इमाम हुसेन डिभिजनलाई इरानी कुद्स फोर्सले क्षेत्रीय सहयोगी शक्ति सुदृढ बनाउन र इजरायलविरुद्ध सञ्चालनका लागि प्रयोग गर्ने सैन्य संरचनाको रूपमा लिने गरिएको छ ।

यसैक्रममा हिजबुल्लाहको 'रादवान फोर्स' को दक्षिणी लेबनान एकाइका कमान्डर अबु अली रियान पनि मारिएको आइडिएफले दाबी गरेको छ । रियानले अपरेसन समन्वय, लडाकू भर्ती तथा हतियार आपूर्ति सञ्जाल व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेलेको इजरायली सेनाले जनाएको छ । आइडिएफका अनुसार १०० भन्दा बढी लडाकू मारिएका छन् भने 'रादवान फोर्स' का ६० भन्दा बढी कमान्ड तथा नियन्त्रण केन्द्रहरू ध्वस्त पारिएको छ ।

यसैबीच इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इरानका नयाँ सर्वोच्च नेता आयोतल्लाह मोजताबा खामेनीलाई लक्षित गर्दै कडा चेतावनी दिनुभएको छ । खामेनीका छोरा तथा सम्भावित उत्तराधिकारी मोजताबा खामेनीलाई इजरायलले लक्षित गर्न सक्छ कि भन्ने प्रश्नमा नेतान्याहुले आफूले कुनै पनि ' आतङ्कवादी सङ्गठनका नेतामाथि जीवन बीमा नीति जारी नगर्ने' प्रतिक्रिया दिनुभयो ।

उहाँले मोजताबा खामेनीलाई इरानको रिभोलुसनरी गार्ड कर्प्सको 'कठपुतली' भन्दै सार्वजनिक रूपमा खुलेर देखिन नसक्ने व्यक्तित्व भएको आरोप लगाउनुभयो ।नेतान्याहुले पछिल्ला घटनाक्रमले इजरायल, इरान तथा व्यापक मध्यपूर्व क्षेत्रबीचको रणनीतिक सन्तुलन परिवर्तन हुन थालेको सङ्केत दिएको बताउनुभयो । साथै इजरायलले आफूले आतङ्कवादी सङ्गठन ठानेका समूहहरू विरुद्ध आवश्यक परे भविष्यमा पनि कारबाही जारी राख्न सक्ने सङ्केत दिनुभयो ।

## अफगानिस्तानको आरोपः
# पाकिस्तानी हवाई आक्रमणमा ४ सर्वसाधारणको मृत्यु

एपी

काबुल । अफगानिस्तानको तालिबान नेतृत्वको सरकारले शुक्रबार बिहान पाकिस्तानमाथि राजधानी काबुल र दक्षिणी प्रान्त कान्दाहारमा रातभर गरिएको हवाई आक्रमणमा सर्वसाधारणका घरहरूलाई लक्षित गरेको आरोप लगाउँदै कम्तीमा चार जना नागरिक मारिएको जनाएको छ । दुई छिमेकी मुलुकबीच जारी सैन्य तनाव तेस्रो हप्तामा प्रवेश गरेका बेला यस्तो आरोप सार्वजनिक भएको हो ।



सरकारी प्रवक्ता जबिहुल्लाह मुजाहिदले सामाजिक सञ्जाल एक्समार्फत पाकिस्तानका विमानहरूले कान्दाहार विमानस्थल नजिक रहेको निजी एयरलाइन्स 'काम एयर' सँग सम्बन्धित इन्धन डिपोमा पनि प्रहार गरेको जानकारी दिनुभयो । उहाँका अनुसार उक्त डिपोबाट नागरिक विमानका साथै संयुक्त राष्ट्रसङ्घका उडानहरूलाई समेत इन्धन आपूर्ति हुँदै आएको थियो ।

यस घटनाबारे पाकिस्तान सरकार वा सेनाले तत्काल कुनै औपचारिक प्रतिक्रिया दिएका छैनन् । पछिल्ला हप्ताहरूमा पाकिस्तान र अफगानिस्तानबीच सैन्य तनाव तीव्र बनेको छ । फेब्रुअरीको अन्त्यदेखि दुवै पक्षले एकअर्काका सैन्य प्रतिष्ठानलाई लक्षित गरी आक्रमण गर्दै आएका छन् । काबुलले सीमाक्षेत्रमा भएको पाकिस्तानी आक्रमणको जवाफस्वरूप आफ्ना बलहरूले पाकिस्तानी चौकीहरूमा प्रहार गरेको बताउँदै आएको छ ।

यता पाकिस्तानले भने आफ्ना कारबाहीहरू पाकिस्तानी तालिबान र सीमावर्ती क्षेत्रमा सक्रिय उनीहरूको समर्थन सञ्जाललाई लक्षित गरी गरिएको दाबी गर्दै आएको छ । अफगानिस्तानले भने त्यस्तो समूहलाई औपचारिक रूपमा मान्यता दिएको छैन । दुवै पक्षले पछिल्ला वर्षहरूकै सबैभन्दा घातक भिडन्त भएको दाबी गर्दै आएका छन् । इस्लामाबादले त हालको अवस्थालाई अफगानिस्तानसँगको 'खुला युद्ध' जस्तै परिस्थिति भएको रूपमा व्याख्या गरेको छ ।

मुजाहिदले आफ्नो वक्तव्यमा पाकिस्तानी आक्रमणहरूले पक्तिया, पक्तिका लगायत विभिन्न प्रान्तका नागरिक क्षेत्र र निर्जन स्थानहरूलाई समेत निशाना बनाएको उल्लेख गर्दै ती आक्रमणहरूको 'जवाफ नदिइकन नजाने' चेतावनी दिनुभयो ।

काबुल प्रहरीका प्रवक्ता खालिद जादरानका अनुसार राजधानीमा भएका आक्रमणका कारण बालबालिकासहित कम्तीमा चार जना सर्वसाधारणको मृत्यु भएको छ भने अन्य १५ जना घाइते भएका छन् । देशका अन्य भागहरूमा कति क्षति भयो भन्नेबारे स्पष्ट विवरण भने सार्वजनिक भएको छैन ।

यसैबीच, चीनका विशेष दूत युए सियाओओङ काबुल भ्रमणपछि इस्लामाबाद पुगेको समयमा पनि क्षेत्रीय सुरक्षा र आतङ्कवादी समूहको खतरा मुख्य छलफलको विषय बनेको थियो । अफगानिस्तानका लागि पाकिस्तानका विशेष दूत मोहम्मद सादिकले एक्समा लेख्दै उहाँले चिनियाँ दूतसँग भेटेर तहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) र पूर्वी तुर्किस्तान इस्लामिक आन्दोलन (इटिआइएम) जस्ता समूहहरूले निम्त्याएको सुरक्षा चुनौतीबारे छलफल गरेको बताउनुभएको छ । दुवैले स्थायी शान्ति र स्थिरताका लागि सामूहिक प्रयास आवश्यक रहेकोमा सहमति जनाएको पनि उहाँले उल्लेख गर्नुभएको छ ।

अन्तर्राष्ट्रिय समुदायबाट संयम अपनाउन गरिएको बारम्बारको आग्रहले भने अहिलेसम्म खास प्रभाव पार्न सकेको देखिँदैन । पाकिस्तानले यसअघि आफ्ना आक्रमणहरू केवल 'खवारीज' नामले सम्बोधन गर्नेप्रतिबन्धित पाकिस्तानी तालिबान लडाकूहरूलाई लक्षित गरिएको दाबी गर्दै आएको छ । इस्लामाबादले अफगानिस्तानको तालिबान सरकारमाथि उक्त समूहलाई शरण दिएको आरोप लगाउने गरेको छ, तर काबुलले त्यसलाई अस्वीकार गर्दै आएको छ ।

सन् २०२१ मा अफगान तालिबान पुनः सत्तामा फर्किएपछि टिटिपीले पाकिस्तानभित्र र सीमावर्ती क्षेत्रमा आक्रमण बढाएको पाकिस्तानको दाबी छ । इस्लामाबादले अफगान भूभागबाट सञ्चालित टिटिपी र अन्य आतङ्कवादी समूहलाई नियन्त्रण गर्न प्रभावकारी कदम नचालिएसम्म आफ्नो सैन्य कारबाही जारी रहने चेतावनी दिएको छ ।

हालको सैन्य टकरावले गत अक्टोबरमा कतार र टर्कीको मध्यस्थतामा भएको युद्धविरामसमेत अन्त्य गरिदिएको छ । कतारमा हस्ताक्षर भएको उक्त युद्धविरामपछि इस्तानबुलमा छ दिनसम्म वार्ता भएको थियो, जसले युद्धविराम विस्तार गर्ने र नोभेम्बरमा तेस्रो चरणको वार्ता गर्ने सहमति गराएको थियो । तर पछिल्ला झडपहरूले फेरि दुई छिमेकी मुलुकलाई युद्धको नजिक पुर्‍याएको सङ्केत दिएका छन् ।

# मध्यपूर्व युद्धः आक्रमण र प्रतिआक्रमण तीव्र

एएफपी

पेरिस । इजरायल, इरान र उनीहरूका क्षेत्रीय सहयोगीहरूबीचको युद्ध थप फैलिँदै जाँदा मध्यपूर्वका विभिन्न स्थानमा आक्रमण र प्रतिआक्रमण तीव्र भएका छन् । पछिल्ला घटनाक्रममा इरानमा व्यापक हवाई प्रहार, खाडी क्षेत्रका सहरहरूमा विस्फोट, इराक र लेबनानमा झडप तथा विभिन्न देशमा ड्रोन अवरोधका घटनाहरू सार्वजनिक भएका छन् ।



इरानको रिभोलुसनरी गाड्र्सले देशभित्र सम्भावित विरोध प्रदर्शनबारे कडा चेतावनी दिँदै यदि प्रदर्शन भयो भने आफ्नो प्रतिक्रिया जनवरीको दमन अभियानभन्दा पनि 'अझ बलियो' हुने बताएको छ । जनवरीमा भएको विरोध प्रदर्शनको दमनका क्रममा हजारौँ मानिस मारिएको रिपोर्ट गरिएको थियो ।

यसैबीच उत्तरी ओमानको एक औद्योगिक क्षेत्र नजिक सुरक्षा बलले ड्रोन रोक्ने क्रममा भएको घटनामा दुई जनाको मृत्यु भएको सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।इरानको राजधानी तेहरानमा पनि ठूलो विस्फोट भएको खबर आएको छ ।

असामान्य रूपमा शक्तिशाली उक्त विस्फोटका कारण राजधानीको उत्तर र केन्द्रका धेरै किलोमिटर टाढासम्म रहेका घरहरू हल्लिएको एएफपीका पत्रकारहरूले बताएका छन् ।इजरायली सेनाले भने पछिल्लो २४ घण्टामा पश्चिमी र मध्य इरानमा रहेका २०० भन्दा बढी लक्ष्यमा आक्रमण गरेको जनाएको छ । ती लक्ष्यहरूमा मिसाइल प्रक्षेपण प्रणाली, हवाई रक्षा संयन्त्र तथा अन्य सैन्य संरचनाहरू समावेश रहेको बताइएको छ ।

यसै क्रममा साउदी अरेबियाले आफ्नो हवाई क्षेत्रमा प्रवेश गरेका धेरै ड्रोनहरू अवरोध गरेर खसालेको जनाएको छ । रक्षा मन्त्रालयका अनुसार रियादको कूटनीतिक क्षेत्रमा रहेका विदेशी दूतावासहरू लक्षित गरेर आएको एउटा ड्रोन पनि रोकिएको थियो । मन्त्रालयका प्रवक्ताले सामाजिक सञ्जाल एक्समार्फत साउदी हवाई क्षेत्रमा प्रवेश गरेपछि १२ ड्रोन नष्ट गरिएको र कम्तीमा १६ अन्य ड्रोन पनि खसालिएको जानकारी दिएका छन् ।

लेबनानको राजधानी बेरुतमा पनि इजरायलले इरान समर्थित समूह हिजबुल्लाहसँग सम्बन्धित व्यक्तिलाई लक्षित गरी हवाई आक्रमण गरेको जनाएको छ । हिजबुल्लाहले आफ्ना आक्रमणहरू रोक्ने सङ्केत नदिएपछि इजरायलले लेबनानमा सैन्य कारबाही विस्तार गर्ने चेतावनी दिएको छ । खाडी क्षेत्रको प्रमुख वित्तीय केन्द्र दुबईमा पनि विस्फोटको घटना भएको छ । मध्य दुबईस्थित एउटा भवनमा अवरोध गरिएको आक्रमणका भग्नावशेष ठोक्किँदा विस्फोट भएको सरकारी मिडिया कार्यालयले जनाएको छ । एएफपीका संवाददाताहरूले सहरको केन्द्रमा ठूलो धुवाँको बादल देखिएको बताएका छन् ।

तेहरानका केही भागमा अमेरिका र इजरायलले संयुक्त आक्रमण गरेको इरानको फार्स समाचार एजेन्सीले जनाएको छ । ती विस्फोटका कारण राजधानीका विभिन्न स्थानका घरहरू हल्लिएको बताइएको छ ।यता इराकको स्वायत्त कुर्दिस्तान क्षेत्रमा भएको आक्रमणमा एक फ्रान्सेली सैनिक मारिएका छन् । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले यो युद्ध सुरु भएपछि फ्रान्सेली सेनाको पहिलो मृत्यु भएको बताउनुभएको छ ।

युद्ध सुरु भएदेखि इरान समर्थक गुटहरूले अन्तर्राष्ट्रिय जिहादी विरोधी गठबन्धनसँग सम्बन्धित विदेशी बलहरू रहेको क्षेत्रमा बारम्बार आक्रमण गर्दै आएका छन् ।

इजरायलतर्फ पनि नयाँ क्षेप्यास्त्र प्रहार भएको छ । इजरायली सेनाका अनुसार इरानले देशतर्फ नयाँ मिसाइल प्रहार गरेको छ, जसका कारण उत्तरी इजरायलमा दुई जना घाइते भएका छन् ।

यसैबीच पश्चिमी इराकमा अमेरिकी केसी-१३५ हवाई इन्धन भर्ने विमान दुर्घटनाग्रस्त भएको अमेरिकी सेनाले जनाएको छ । सो घटनामा संलग्न अर्को विमान भने सुरक्षित अवतरण गर्न सफल भएको बताइएको छ । अमेरिकी सेनाको सेन्ट्रल कमान्डका अनुसार दुर्घटना शत्रुतापूर्ण वा आफ्नै पक्षको गोलीबारीका कारण भएको होइन ।

इरानका नयाँ सर्वोच्च नेता मोजताबा खामेनीले पनि इरानी हताहतको बदला लिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँका बुबा अयातोल्लाह अली खामेनी र परिवारका अन्य सदस्यहरू फेब्रुअरी २८ मा भएको प्रारम्भिक आक्रमणमा मारिएका थिए । राज्य टेलिभिजनमार्फत सार्वजनिक गरिएको वक्तव्यमा उहाँले इरानले यस युद्धमा भएका क्षतिको बदला लिने बताउनुभयो । केही इरानी अधिकारीका अनुसार उक्त आक्रमणमा मोजताबा खामेनी स्वयं पनि घाइते हुनुभएको थियो तर उहाँको अवस्थाबारे विस्तृत विवरण सार्वजनिक गरिएको छैन ।

यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको युद्ध 'धेरै तीव्र गतिमा अघि बढिरहेको' बताउनुभएको छ । ह्वाइट हाउसमा पत्रकारहरूसँग कुरा गर्दै उहाँले अमेरिकीसेना'अतुलनीय'रहेकोदाबीगर्नुभयो छन् । इजरायली सेनाले तेहरानमा इरानको रिभोलुसनरी गाड्र्ससँग सम्बन्धित बासिज अर्धसैनिक बलले स्थापना गरेका चौकीहरूमा पनि आक्रमण गरेको जनाएको छ । अधिकारीहरूको नियन्त्रण कमजोर पार्ने रणनीतिअन्तर्गत ती लक्ष्यहरूमा प्रहार गरिएको बताइएको छ ।

यसै क्रममा इराक-सिरिया सीमाक्षेत्र नजिक तथा राजधानी बगदाद आसपास भएको हवाई आक्रमणमा कम्तीमा ११ इरान समर्थित लडाकू मारिएको सुरक्षा अधिकारीहरूले बताएका छन् । इराकी अधिकारीहरूले हसद अल-शाबीसम्बद्ध आधारहरूमा गरिएको उक्त आक्रमणको निन्दा गरेका छन् । उक्त समूह पूर्व अर्धसैनिक संरचना भए पनि हाल इराकको नियमित सुरक्षाबलमा समाहित भइसकेको छ, जसमा इरान समर्थित सशस्त्र गुटहरू पनि समावेश छन् ।

# इरान द्वन्द्वले अमेरिकी पेट्रोल मूल्य बढायो, ट्रम्प रणनीति बदल्दै

एपी

तेहरान । इरानसँग युद्ध सुरु हुँदा तेल र पेट्रोलियमको मूल्य तीव्र रूपमा बढिरहेको छ, जसका कारण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफ्नो ऊर्जा नीतिमा ठूलो परिवर्तन गर्दै हुनुहुन्छ ।अमेरिकामा पेट्रोलको औसत मूल्य अहिले करिब ३.६ डलर प्रति ग्यालन पुगेको छ, जुन सन् २०२६ को फेब्रुअरीमा २.३० डलर प्रति ग्यालन थियो । यस परिवर्तनले ट्रम्पको पहिलेको सस्तो इन्धनको प्रचार विपरीत



प्रभाव देखाएको छ ।ट्रम्पले आफ्नो सामाजिक मिडिया प्लेटफर्ममा भन्नुभयो, "संयुक्त राज्य विश्वकै सबैभन्दा ठूलो तेल उत्पादक हो ।

तेलको मूल्य बढ्दा हामीलाई ठूलो आम्दानी हुन्छ ।" यसले देशभित्रको राजनीतिक हित र विश्वव्यापी रणनीतिक दबाबबीचको द्वन्द्वलाई स्पष्ट बनाएको छ ।

**हर्मुज स्ट्रेट र तेल आपूर्ति सङ्कट**

हाल हर्मुज स्ट्रेटमा तेल र प्राकृतिक ग्यासका ट्याङ्करहरू रोकिएका कारण आपूर्ति शृ‌ृ लामा अवरोध देखिएको छ । अमेरिकी प्रशासनले विभिन्न कदम चालेर मूल्य स्थिरीकरण गर्ने प्रयास गरिरहेको छ ।विश्लेषकहरूले हालको द्वन्द्वले तेल मूल्यमा अस्थिरता सिर्जना गरेको चेतावनी दिएका छन् । सामान्य अवस्थामा हर्मुज स्ट्रेटमार्फत दैनिक २० मिलियन ब्यारेल तेल यात्रा गर्छ, तर हाल अधिकांश ट्याङ्करले यस मार्ग प्रयोग गर्नबाट टाढा बसेका छन् । यसले विश्व बजारमा तेलको मूल्य ब्रेन्ट क्रुड ४१०० प्रति ब्यारेल सम्म उकासेको छ ।

**रणनीतिक र अन्तर्राष्ट्रिय कदमहरू**

ट्रम्प प्रशासनले रूसबाट तेल ल्याउने प्रक्रिया सहज बनाउन अस्थायी अनुमति दिएको छ । यसअघि भारतलाई पनि रूसको तेल किन्ने अनुमति दिइएको थियो । यी कदमले बजार स्थिरीकरणमा मद्दत पुर्‍याउने अपेक्षा गरिएको छ ।अमेरिकी प्रशासनले जोन एक्ट मापदण्ड पनि अस्थायी रूपमा छूट दिने तयारी गरेको छ, जसले अमेरिकी पोर्टहरूमा आवश्यक ऊर्जा र कृषि सामग्रीको आपूर्ति सुनिश्चित गर्नेछ ।

**मूल्य वृद्धिको राजनीतिक प्रभाव**

गोल्डम्यान साच्सका विश्लेषकहरूले उच्च तेल मूल्यले मुद्रास्फीति बढाउने, आर्थिक वृद्धिदर कम गर्ने र बेरोजगारी बढाउने सम्भावना रहेका चेतावनी दिएका छन् ।ट्रम्पको राजनीतिक रणनीति अनुसार, उहाँले उच्च तेल मूल्यलाई दीर्घकालीन सुरक्षा र अमेरिकी प्रभुत्वको पक्षमा फाइदा देखाउने प्रयास गर्नुभएको छ । उहाँका अनुसार अमेरिकी सेना इरानको आक्रामक क्षमताहरू नष्ट गर्न केन्द्रित भएको छ, जसले दीर्घकालीन रूपमा तेल आपूर्ति सुरक्षालाई सुनिश्चित गर्नेछ ।हाल अमेरिका उच्च तेल मूल्यको चुनौतीसँग जुधिरहेको छ, तर प्रशासनले आपूर्ति व्यवस्थापन, अन्तर्राष्ट्रिय सहयोग र सैन्य रणनीतिसहित दीर्घकालीन समाधान खोज्ने प्रयास गरिरहेको छ ।

# अमेरिकासँग वार्ताका लागि चिनियाँ उपप्रधानमन्त्री फ्रान्स जाँदै

एएफपी

बेइजिङ । चीन र अमेरिकाबीच आर्थिक तथा व्यापारिक मुद्दामा उच्चस्तरीय संवाद अघि बढाउने प्रयासस्वरूप चीनका उपप्रधानमन्त्री हे लिफेङ शनिबार फ्रान्सतर्फ प्रस्थान गर्ने हुनुभएको छ । पेरिसमा हुने यस वार्तालाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच हुने सम्भावित शिखर भेटवार्ताअघि महत्त्वपूर्ण तयारीका रूपमा हेरिएको छ ।

बेइजिङका अनुसार हे लिफेङले मार्च १४ देखि १७ सम्म फ्रान्समा अमेरिकी प्रतिनिधिमण्डलसँग आर्थिक तथा व्यापारिक परामर्शका लागि चिनियाँ टोलीको नेतृत्व गर्नुहुनेछ । चीनको वाणिज्य मन्त्रालयका एक प्रवक्ताले शुक्रबार जारी गरेको अनलाइन विज्ञप्तिमा चीन र अमेरिकाबीच भएको सहमतिअनुसार उक्त वार्ता आयोजना हुन लागेको उल्लेख गरिएको छ ।

प्रवक्ताका अनुसार वार्तामा दुवै देशका अधिकारीहरूले आपसी चासोका आर्थिक र व्यापारिक विषयमा छलफल गर्नेछन् । तर बैठकको विस्तृत कार्यसूची वा वार्ताको ठोस विषयवस्तुबारे थप



विवरण सार्वजनिक गरिएको छैन ।

यसअघि वासिङ्टनले पनि पेरिसमा हुने उक्त वार्ताको पुष्टि गरेको थियो । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व गर्ने तयारी गर्नुभएको छ भने अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रियर पनि टोलीमा सहभागी रहने बताइएको छ । ग्रियरले बिहीबार जारी गरेको वक्तव्यमा चीन र अमेरिकाबीचको 'आर्थिक संवाद' अघि बढिरहेको बताउनुभएको थियो ।

पेरिसमा हुने यो भेटवार्तालाई यस महिनाको अन्त्यतिर अमेरिकी राष्ट्रपति ट्रम्पको सम्भावित चीन भ्रमणको पूर्वतयारीका रूपमा पनि हेरिएको छ । वासिङ्टनका अनुसार ट्रम्पले मार्च ३१ देखि अप्रिल २ सम्म चीन भ्रमण गर्ने अपेक्षा गरिएको छ, यद्यपि बेइजिङले आफ्नो नियमित कूटनीतिक अभ्यासअनुसार ती मितिहरू औपचारिक रूपमा पुष्टि गरेको छैन ।

सन् २०२५ को जनवरीमा ट्रम्पले दोस्रो कार्यकाल सुरु गरेपछि चीन र अमेरिकाबीचको सम्बन्धमा पुनः तनाव बढ्दै गएको छ । व्यापार, औद्योगिक क्षमता र बजार पहुँचका विषयमा दुवै देशबीच मतभेद देखिँदै आएका छन् ।यसै सन्दर्भमा अमेरिकी व्यापार प्रतिनिधि ग्रियरले बुधबार चीनसहित प्रमुख व्यापार साझेदारहरूलाई लक्षित गर्दै ।

# जहाँबाट 'कोसेली' नबोकी फर्किन्नन् पर्यटक



इलाम । गर्मीयाम सुरु भएसँगै सूर्योदय नगरपालिकाको कन्याम र श्रीअन्तुमा पर्यटकको चहलपहल बढ्न थालेको छ । हरियो चियाबारी, चिसो मौसम र अन्तुबाट देखिने झुल्के घाम हेरेर पर्यटक रमाउँछन् । यहाँका मनोरम दृश्यसँग मोहित हुन्छन् र फर्किन्छन् । यसरी फर्किनेहरू सम्झना मात्र बोकेर फर्किंदैनन्, साथमा केही न केही कोसेली बोक्छन् । कोसेलीका रूपमा ललिपप, छुर्पी, बम्बइसन, चिया, अकबरेलगायत स्थानीय उत्पादन लिएर मात्र पर्यटनकहरू फर्किने गरेका छन् ।

अन्तु घुमेर फर्कंदै गरेका पर्यटक समूह सूर्योदय-१० स्थित फिक्कल बजारको पसलअगाडि उभिन्छन्, आफूलाई मन पर्ने मिठाईलगायत कोसेली छान्छन् र लिएर जान्छन् । यस्तै अवस्थामा भेटिएका चितवनका रोशन सापकोटाले भन्नुभयो, "साथीहरूले इलामबाट रित्तो नफर्किनु है भनेका छन् । धेरैलाई यहाँको ललिपप मनपर्दो रहेछ । साथीहरूको मागअनुसार सामान किनिरहेको छ । जति हेर्‍यो, त्यत्ति किनौं किनौं जस्तो लागिरहेको छ ।"

फिक्कल बजारमा लहरै सजिएका पसलहरूमा छुर्पी, घ्यू, चिया, अकबरे खुर्सानीसँगै ललिपप र बम्बइसन जस्ता उत्पादन बिक्रीका लागि राखिएका छन् । कतिपय पसलमा त पर्यटकहरूले कोसेली किन्न पालो नै पर्खिनुपर्छ । स्थानीय व्यापारी सुजन सापकोटा भन्नुहुन्छ, "सामान्य दिनमा पाँच-दस हजारको बिक्री हुन्छ । 'सिजन' सुरु भएपछि भने व्यापार निकै बढ्छ । पोहोर त दिनकै ३० हजारसम्मको कोसेली बिक्री भएको थियो ।"

स्थानीय व्यापारीका अनुसार इलाम आउने अधिकांश पर्यटकले कुनै न कुनै कोसेली किनेर लैजाने चलन नै बसिसकेको छ । "यहाँ आउँदा चिया बगानमा फोटो खिचेर मात्र हुँदैन, छुर्पी, ललिपपलगायत कोसेली पनि किनेर लैजानुपर्छ भन्ने धारणा नै बनेको छ", व्यापारी अमीर आचायले भन्नुभयो ।

काठमाडौंमा व्यवसाय गर्दै आउनुभएका दीपक खड्का पनि यहाँ भेटिनुभयो । उहाँ आफू इलामे कोसेलीका नियमित ग्राहक भएको बताउनुहुन्छ । "कोही इलामबाट काठमाडौं आउँदैछ भन्ने थाहा पायो भने ललिपप र छुर्पी मगाइहाल्छु । यहाँ आफैं आएको बेला त झन् छोड्ने कुरै भएन । घरमा सबैजना इलामको मिठाई भनेपछि मरिहत्ते गर्छिन्", उहाँ भन्नुहुन्छ ।

दूध र चिनीको मिश्रणबाट बन्ने ललिपप र बम्बइसन यहाँका घरेलु उद्योग प्रवर्द्धनमा निकै टेवा पुगेको छ । गाउँगाउँमा यी मिठाई उत्पादन हुने क्रम बढ्दो छ । सूर्योदय नगरपालिका-५ का वडाध्यक्ष उर्गेन बम्जनका अनुसार यी उत्पादन 'इलाम ब्रान्ड'का रूपमा चिनिन थालेका छन् ।रासस

# शैक्षिक इतिहासको साक्षी



गण्डकी । कुनै समयको चर्चित भनाइ थियो, 'शिक्षा नपाए कि जानु काशी, कि जानु कास्की' । प्राचीनकालदेखि नै शिक्षाको विशिष्ट गन्तव्यका रुपमा चासो र चर्चा कमाएको कास्कीमा १८-१९औं शताब्दीतिर अन्नपूर्ण गाउँपालिका, पाउँदुरमा सञ्चालित पिँढी पाठशाला र विन्ध्यवासिनी क्षेत्रमा सञ्चालित पठनपाठनका कारण यो क्षेत्र शिक्षाको केन्द्रका रुपमा रहेको थियो ।

तत्कालीन समयमा पाउँदुरमा पौडेल थरका व्यक्तिले पिंढीमा राखेर पढाउने भएकै कारण त्यसबेला पिंढी पाठशाला भन्ने गरिन्थ्यो । उक्त समयमा विन्ध्यवासिनी आसपासमा पराजुली र रेग्मी थरका विद्वानले गुरु, शिष्य परम्परानुसार नै पठनपाठन गराउँदै आएको पाइन्छ । कास्कीमा सञ्चालित गुरुकुल शिक्षा प्रणालीकै जगमा १९५८ सालमा प्रधानमन्त्री देवशमशेरका पालामा मुलुकभर प्राथमिक पाठशाला खोल्ने नीतिअनुरूप परम्परागत गुरुकुल चलेकै स्थान विन्ध्यवासिनी क्षेत्रमा रुद्रनाथ पौडेल (अर्घौं) तथा पं श्री गुणानिधी पराजुली (मिरुवा, पोखरा) समेतको पहलमा औपचारिक विद्यालय खुलेको शिक्षासेवी एवं संस्कृत माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार सुरुआतमा यस विद्यालयमा संस्कृत एवं नेपाली श्रेस्ता शिक्षा विषयको दुई जना गुरुहरूबाट पठनपाठन गराउने व्यवस्थाको सूत्रपात भएको थियो । पहिला यहाँ पढेका, पढाइएका विद्यार्थी संस्कृत शिक्षाको परीक्षा दिन बनारस जानुपर्ने र श्रेस्ता शिक्षाको परीक्षा दिन काठमाडौं जानुपर्ने व्यवस्था रहेकामा पछि निजामती प्रथमा यहीं हुने र निजामती मध्यमा गर्न काठमाडौं जानुपर्ने प्रावधान रहेको उहाँले जानकारी दिनुभयो ।

पोखरा महानगरपालिका-१ भीमकाली पाटनस्थित संस्कृत माध्यमिक विद्यालय जिल्लाको मात्र नभई समग्र गण्डकी प्रदेशको नै जेठो विद्यालय हो । २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाको सुरुआतसँगै तत्कालीन शिक्षा ऐनले निर्देश गरेबमोजिम यस विद्यालयमा पनि विद्यालय व्यवस्थापन समिति गठन प्रारम्भ भएको पाइन्छ । यस ऐनले निर्देश गरेबमोजिमको विद्यालयको व्यवस्थापनको लागि पहिलो अध्यक्षको जिम्मेवारी भोलानाथ पराजुलीले लिनुभएको थियो ।

त्यसपछि विद्यालयको अध्यक्षको जिम्मेवारीमा क्रमशः मुकुन्दशरण उपाध्याय, तेजनाथ घिमिरे, तीर्थ श्रेष्ठ, मोतीमान शाक्य, केशवराज पराजुली, चक्रपाणी सुवेदी, चिजमान गुरुङ, राजेन्द्ररमण पराजुली, गोविन्द नेपाली, ईश्वरीलाल श्रेष्ठ हुँदै हाल विष्णुप्रसाद अधिकारी रहनुभएको छ ।

त्यस्तै विद्यालयको शैक्षिक प्रशासनतर्फ स्थापनाकालीन समयमा प्रधानाध्यापकको जिम्मेवारी रुद्रनाथ पौडेलले सम्हाल्नुभएको थियो । पछि क्रमशः गुणनिधि पराजुली, देवीरमण पराजुली, शिवकुमार रेग्मी, सोमनाथ रेग्मी, टङ्कनाथ पराजुली, बालमुकुन्द रेग्मी, बद्री पहारी, शुकदेव बराल, इन्द्रप्रसाद पराजुली, आत्माराम बाँस्तोला, जनार्दन त्रिपाठी, तोयनाथ पौडेल, तारा पाखे, दामोदर बाँस्तोला, कृष्णप्रसाद देवकोटा, गोविन्दप्रसाद सिग्देल हुँदै हाल श्रीकृष्ण सिग्देलले विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्नुभएको छ ।

अभिलेखअनुसार विद्यालयमा २०१३ सालमा सुन्दरप्रसाद मर्सानीको अध्यक्षतामा रहेको समितिले विर्तावाल रत्नाकर पराजुलीबाट राजकीय संस्कृत प्रधान पाठशालाका नाममा जग्गा हस्तान्तरण गराई पठनपाठनको समुचित व्यवस्था मिलाइएको पाइन्छ । त्यस्तै २०२१ सालमा अञ्चलाधीश नन्दबहादुर मल्ल अध्यक्ष रहनुभएको समितिले विर्तावाल रत्नाकर पराजुलीबाट हस्तान्तरित जग्गामा भवन निर्माण गराइएको देखिन्छ ।

विर्ताबाट विद्यालयलाई प्राप्त हुन आएको ८२ रोपनी जग्गामध्ये १० रोपनी जग्गा यहीं रहेको विन्दुबासिनी संस्कृत विद्यापीठलाई प्रदान गरी संस्कृततर्फको उच्च शिक्षातर्फका कक्षाहरू सञ्चालन भइरहेको छ । विद्यालयमा २०२८ सालको नयाँ शिक्षा लागु हुनु अगाडि संस्कृत, नेपाली, व्याकरण मात्र पठनपाठन गराइँदै आएकोमा २०२८ सालपछि अनिवार्य शिक्षासमेत समावेश गरी राजकीय संस्कृत प्रधानपाठशालाबाट संस्कृत माध्यामिक विद्यालय नामकरण गरिएको व्यवस्थापन समितिका अध्यक्ष अधिकारीले जानकारी दिनुभयो ।

संस्कृत शिक्षाप्रतिको आकर्षण बढाउनका लागि २०७४ सालदेखि विद्यालयमा देशका दूरदराजमा रही शिक्षा प्राप्तिको अवसरबाट वञ्चित विद्यार्थीहरूलाई निःशुल्क आवास एवं भोजनको व्यवस्था गरिएको उहाँले बताउनुभयो । विद्यालयलाई वास्तविक योजनाअनुरूप सञ्चालन गर्न विद्यालय सुधार योजनाको निर्माण तथा सोको निरन्तर सुधार, परिमार्जन र कार्यान्वयनसँगै विगतको विद्यार्थीको २२० जना पुर्‍याइएको छ ।

विद्यालयका आवासीय बटुकहरूद्वारा नियमित रूपमा ध्यान, रुद्राभिषेक, विष्णु सहस्रनाम पाठलगायत अध्यात्मिक क्रियाकलापसमेत सञ्चालन गरिएको छ । विद्यालयमा अध्यापन गरिने कर्मकाण्डलगायत विषयको प्रयोगात्मक कक्षाका रूपमा मन्दिर एवं हवन कुण्ड आदिको निर्माणसमेत गरिएको उहाँले जानकारी दिनुभयो ।

**भौतिक पूर्वाधार विकासमा उल्लेख्य उपलब्धि**

विद्यालयमा विसं २०७८ साउनदेखि अधिकारीको नेतृत्वमा व्यवस्थापन समिति गठनसँगै भौतिक पूर्वाधारलगायत क्षेत्रमा पनि उल्लेख्य विकास भएको प्रधानाध्यापक श्रीकृष्ण सिग्देलले बताउनुभयो । यस अवधिमा विद्यालयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सहयोगमा करिब रु ९२ लाखको सहयोगमा चारकोठे पक्की भवन, पानीट्याङ्की र शौचालय निर्माण गरिएको छ ।

विद्यालय परिसरमा करिब दुई वर्षदेखि रोकिएको शिव पाञ्चायन मन्दिरको निर्माण सम्पन्नसँगै परिसरमा शिवलिङ्ग, गणेश, विष्णु, देवी सूर्य (शिव पाञ्चायन)सहित लक्ष्मीनारायण, राधाकृष्ण, सीताराम, सरस्वती, अष्टचिरञ्जीवी र नवग्रहका प्रतिमाहरूको व्यवस्थापनसहित प्राणप्रतिष्ठा गरी नित्य पूजाको थालनी गरिएको छ । मन्दिर परिसरमा हवन कुण्डको निर्माण गरिएको छ भने रोटरी क्लबको सहयोगमा करिब रु ३६ लाखको लागतमा चारकोठे पक्की भवन थप गरिएको छ ।

पोखरा महानगरपालिका शिक्षा महाशाखाको सहयोग तथा गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, पोखरा महानगरपालिकाको सहयोग र विद्यालयको आन्तरिक स्रोतमा अडिटोरियम हलको निर्माण, विज्ञान प्रयोगशालाको स्तरवृद्धि, भवन निर्माण तथा गुरुकुलमा बसोबासको व्यवस्था मिलाइएको छ । विभिन्न सहयोगदाता, सङ्घसंस्थाको समन्वयमा विद्यालय तथा शिवपाञ्चायन मन्दिर परिसरभित्र पुष्पबाटिका निर्माण, सात वटा चौतारी निर्माण तथा धार्मिक महत्वका बिरुवा रोपन गरिएको छ । पोखरा महानगरपालिका-१ तथा विभिन्न अक्षयकोषदाता तथा सहयोगदाताको सहयोगमा छात्रवृत्तिको व्यवस्था गरिनुको साथै विभिन्न दाताको सहयोगमा खानेपानी, खेल मैदानको निर्माण भएको छ ।

विद्यालयको गुरुकुलतर्फ विगतमा ११ जना मात्र बटुक भएकामा हाल आवासीय बटुकको सङ्ख्या वृद्धि भई ७० जना पुगेको र उनीहरूलाई निःशुल्क आवास तथा भोजनको व्यवस्था गरिएको अध्यक्ष अधिकारीले जानकारी दिनुभयो । गुरुकुल व्यवस्थापनका लागि छुट्टै उपसमितिको व्यवस्था गरिएको छ । हाल गुरुकुलमा छ जना विशिष्ट सदस्य र १८६ जना आजीवन सदस्य रहनुभएको उहाँले जानकारी दिनुभयो ।

गुरुकुलको व्यवस्थापनका लागि आर्थिक स्रोत व्यवस्थापन गर्न महर्षि वैदिक फाउन्डेशनसँग सम्झौता भएको छ । उक्त फाउन्डेशनले मासिक रुपमा भोजन व्यवस्थापनका लागि रु ५० हजार र ध्यान शिक्षकका लागि रु २२ हजार उपलब्ध गराउँदै आएको छ ।

विद्यालयको शैक्षिक गुणस्तर तथा नतिजामा सुधार ल्याउन अतिन्यून शुल्कमा अतिरिक्त कक्षाको व्यवस्थापन गरी विद्यालयको बिएलई, एसइई, कक्षा १२ को नतिजामा उल्लेखनीय रुपमा सुधार गरिएको विद्यालयका सूचना अधिकारी श्रीकान्त सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यार्थीका लागि वेद तथा कर्मकाण्डसम्बन्धी अतिरिक्त कक्षाका साथै व्यावहारिक सीप प्रदान गरिएको छ । विद्यालयमा संस्कृत विषयतर्फ 'प्लस टु' को कार्यक्रम थप गरी सञ्चालनमा ल्याइएको छ भने नेपाल संस्कृत विश्वविद्यालयसँग समन्वय र सहकार्य गरी विद्यालयमा सञ्चालित दश जोड दुई कार्यक्रममा निःशुल्क रुपमा पढाउने व्यवस्था मिलाइएको छ । विद्यालयले भौतिक पूर्वाधारतर्फसँगै शैक्षिक गुणस्तरीयतामा पनि उत्तिकै सफल बनाउँदै लगिएको छ ।रासस

# 'खानेपानी अभावपछि गाउँ खाली हुन थाल्यो'



पाँचथर । कुनै समय यहाँको तुम्बेवा गाउँपालिका-१ ढुकुरेमा बाक्लो बस्ती थियो । अचेल आधाभन्दा बढी घर खाली भइसकेका छन् । घर भत्किँदै छन्, खेतीयोग्य जमिन झाँडीले ढाक्दै गएको छ ।

ढुकुरे डाँडागाउँको गर्भवती आधारभूत विद्यालयको नजिकै कुनै बेला १३ परिवारको बसोबास थियो । हाल विद्यालय अगाडिपट्टी कालुराम कार्की र तलपट्टी एक अर्को गरी केवल दुई परिवारको बसोबास छ । यहाँबाट तीन घण्टाको दूरीमा तमोर करिडोर सडक हुँदै धरान पुग्न सकिन्छ । विद्युत् पनि विस्तार भएकाले अँध्यारोमा बस्नुपरेको छैन । ढुकुरेमै नेपाल विद्युत् प्राधिकरणको सबस्टेसन राखिएको छ । ढुकुरेभन्दा मुनि तमोर करिडोरमा पर्ने लखुवा दोभानदेखि तुम्बेवा गाउँपालिकाको केन्द्र मौवा बजारसम्मको सडक धमाधम कालोपत्रे भइरहेको छ । यहाँ विकास गाउँ पस्दैछ, तर मान्छे बसाइँ सर्दैछन् । गाउँमा मानिसहरु भेट्न मुस्किल छ ।

स्थानीय सामाजिक कार्यकर्ता कमलबहादुर कार्कीका अधिकांश छिमेकीले बस्ती छोडिसकेका छन् । उहाँ भने गाउँ छोडेर नजाने अठोटमा हुनुहुन्छ । "मेरो घरछेउका पाँचवटा घर र अन्य गरी एउटै गाउँबाट ११ घर बसाइँ सरेपछि बस्ती सुनसान रहेको देखिसक्नुभयो । जङ्गलले ढाक्दै लगेको छ । बस्नेहरुको मनमा कुनै चमक छैन, न भविष्यप्रतिको कुनै आशा नै छ", उहाँले भन्नुभयो । कार्कीका अनुसार यहाँ बसाइँ सर्नुको मुख्य कारणमा पानीको अभाव हो । "विसं २०७४ देखि केही वर्ष यहाँ वर्षा भएको छैन । वर्षा त हुन छाडेकै थियो, त्यसमाथि पिउने पानीका मुहान पनि सुक्दै गएका छन् । खानेपानीको हाहाकारजस्तै छ । त्यसैले पनि यहाँ बस्ने अवस्था छैन", उहाँले भन्नुभयो ।

गर्भवती आधारभूत विद्यालयको आसपासबाट ११ परिवार मात्रै होइन, ढुकुरेको तल्लो गाउँबाट पनि सात घर बसाइँ सरिसकेका छन् । कार्कीका अनुसार डाँडागाउँभन्दा माथिबाट मात्रै १७ घर बसाइँ सरेका छन् । "६० भन्दा बढी घर भएको ढुकुरेमा हाल २५ परिवार मात्रै छौं होला । आधाभन्दा बढी बसाइँ सरिसकेका छन्", उहाँले भन्नुभयो, "अब हामी मात्रै बाँकी रहने अवस्था बनेको छ । यहाँ सडक र विद्युत् सुविधा सहज भएको छ, तर खानेपानीको अभाव भएकाले समस्या भएको हो । यो समस्या समाधान भए बसाइँसराइ रोकिन्थ्यो कि !"जमिन सुक्खा भएपछि आम्दानीका स्रोत पनि सुक्दै गएका छन् । आम्दानी नभएपछि जीवन गुजारा गर्न पनि बसाइँ सर्नुको विकल्प नरहेको स्थानीयको भनाइ छ ।

यहाँ करोडौंको लगानीमा आङ्ना मौवा बृहत् पम्पिङ खानेपानी आयोजना निर्माण गरिएको छ, तर पनि सबै ठाउँमा खानेपानी सुविधा दिन सकिएको छैन । "पम्पिङ खानेपानी पनि जोडेका छौं, पानी आउँछ भनेको पनि धेरै भइसक्यो, तर चल्छ जस्तो लागेको छैन", कार्कीले भन्नुभयो, "चार ठाउँबाट पम्पिङ गरेर पानी माथि ल्याउनुपर्ने हुन्छ । कहिले विद्युत् अवरुद्ध हुने त कहिले मेसिन बिग्रने समस्या छ । गाउँपालिकाले सञ्चालन गर्ने त भन्छ, तर काम भएको छैन ।" कालुमानकी श्रीमती सरिता कार्की कुनै समय गुल्जारजस्तै लाग्ने बस्ती खाली भएको देख्दा आफूलाई उदेक लागिरहेको बताउनुहुन्छ ।"पहिले त छरछिमेक थिए, दुःख सुख बाँड्थ्यौं, अहिले बाँझा घर हेरर उदेक लाग्छ । दुःख भए पनि आफ्नै ठाउँको माया लाग्छ, त्यसैले छोड्न सकेका छैनौं", उहाँले भन्नुभयो ।

लखुवा-मौवा सडकको दायाँतर्फ आङ्ना गाविसका पूर्वअध्यक्ष सुरेन्द्रकुमार दाहालको घर छ । उहाँको घरमा बस्ने लीला दाहाल यहाँबाट बसाइँ सरेर तुम्बेवा-१ कै पसलटार जानुभएको छ । पानी नभएपछि बसाइँ हिँड्नुपरेको उहाँको गुनासो छ । "यहाँ नजिकै खानेपानीका मुहान छैनन् । धेरै माथिबाट ल्याएको सानो पानी सबैले बाँडेर खानुपरेको छ । हुन त पम्पिङ गरेर पानी ल्याइएको छ, त्यसले काम गरेको छैन । अभाव भएपछि के गर्नु, बसाइँ सर्नुको विकल्प छैन", दाहालले भन्नुभएको थियो,"पसलटारमा खानेपानीको केही सुविधा छ, यहाँ (ढुकुरेमा) पानीको हाहाकार हुने अवस्था आएपछि उतै सर्न लागेका हौं ।"छपन्न वर्षीया टुकमाया दाहालका छरछिमेकी पनि सकिँदै गएका छन् , उहाँको परिवार भने यही बसिरहेको छ । "वरिपरिका सबै छिमेकी र आफन्त बसाइँ सरिसके । हाम्रो त मधेसमा जग्गा जमिन छैन, यहाँ दुःख गर्नुको विकल्प पनि रहेन", उहाँले भन्नुभयो ।

तुम्बेवा गाउँपालिका-१ आहालेका लालबहादुर घिसिङ पानीको समस्या नै बसाइँसराइको प्रमुख कारण बनेको बताउनुहुन्छ । आहाले क्षेत्रका २३ परिवारले नजिकको मुहान सुकेपछि करिब निकै समस्या भोग्नुपरेको उहाँले बताउनुभयो । "हाल घण्टौं लगाएर पानी थाप्नुपर्छ । दिनमा जम्मा चार/पाँच गाग्री पानी थाप्न पाइन्छ । पानी थाप्नकै लागि अरू काम छोड्नु परिरहेको छ", घिसिङले भन्नुभयो । आहालेकै कुलबहादुर तामाङका अनुसार आङ्ना-मौवा बृहत् खानेपानी आयोजना गत स्थानीय तहको निर्वाचनअघि नै उद्घाटन गरिएको थियो । अधिकांश क्षेत्रमा पाइपलाइन विस्तार भएको छ भने उपभोक्ताले धारा जडान गरिसकेका छन्, तर पानी वितरण भएको छैन । "चुनावअघि खानेपानी आउँछ भनेर आयोजनाको उद्घाटन गरियो, तर हालसम्म पानी आएको छैन", तामाङले भन्नुभयो, "फेरि चुनाव आयो तर पानी आएन ।"

तुम्बेवा-१ जोरसल्लेकी गङ्गामाया कार्की खानेपानी अभावले निकै समस्या भोग्नुपरेको बताउनुहुन्छ । "ट्र्याक्टरमा पानी ल्याएर गुजारा गरिरहेका छौं । ट्र्याक्टरले पनि भनेको बेला ल्याइदिँदैन, त्यो पनि खोलाकै पानी ल्याइदिन्छ", उहाँले पीडा सुनाउनुभयो । तुम्बेवा-३ मौवा बजारका सीताराम थापाले खानेपानीका लागि पुराना मुहानकै भर पर्नुपरेको र ती मुहान सुक्दै गएकाले अभाव बढ्दै गएको बताउनुभयो । रासस

# कञ्चनपुरमा डढेलोको जोखिम बढ्दो, पूर्वतयारी कमजोर



कञ्चनपुर । बढ्दो गर्मीसँगै कञ्चनपुरका वन क्षेत्रमा डढेलो लाग्ने जोखिम पनि बढ्न थालेको छ । पतझरको समय सुरु भएसँगै वनमा पात झर्ने र नयाँ पालुवा पलाउने क्रम चलिरहेकाले सुक्खा वातावरणका कारण सानो आगोको झिल्कोले समेत ठूलो डढेलोको रूप लिने खतरा बढेको छ ।

यस्तो संवेदनशील अवस्थामा पनि डढेलो नियन्त्रणका जिल्लामा प्रभावकारी पूर्वतयारीका कार्यक्रम पर्याप्त रूपमा सञ्चालन हुनसकेका छैनन् । चुरे फेदीका वन र लालझाडी-मोहना संरक्षण क्षेत्र आसपासका क्षेत्रमा डढेलोको जोखिम उच्च देखिएको छ । उक्त क्षेत्रमा रहेका सामुदायिक वनमा आगलागी नियन्त्रणका लागि आवश्यक पूर्वतयारी तथा सचेतनामूलक गतिविधि पर्याप्त नभएको सामुदायिक वन समन्वय समिति (सिएफसिसी) कञ्चनपुरका अध्यक्ष महेशदत्त जोशीले बताउनुभयो ।

उहाँका अनुसार पछिल्लो समय निर्वाचनको माहोलमा सबैको ध्यान केन्द्रित हुँदा वन संरक्षणको विषय ओझेलमा परेको छ । "वन क्षेत्रमा आगलागी रोक्न आवश्यक पूर्वतयारी गर्नुपर्ने हो, तर त्यसतर्फ सरकारी तथा गैरसरकारी निकायको ध्यान खासै गएको देखिँदैन", उहाँले भन्नुभयो ।

अध्यक्ष जोशीका अनुसार वातावरण अत्यन्त सुक्खा हुँदै गएको छ र लामो समयदेखि पानी नपरेकाले डढेलोको सम्भावना झनै बढेको छ । "हावा सुक्खा छ, तापक्रम बढ्दै गएको छ, यस्तो अवस्थामा सानो आगोको झिल्कोले पनि पूरै वन क्षेत्र खरानी बनाउन सक्छ", उहाँले भन्नुभयो, "यसतर्फ सरोकारवालाहरूको ध्यान जानुपर्ने हो तर हालसम्म कुनै पनि निकायले चासो दिएको पाइएको छैन ।" जलवायु परिवर्तनको प्रत्यक्ष असर पनि वनमा देखिएको छ ।

वन क्षेत्रमा डढेलो लागे त्यसको प्रत्यक्ष असर जैविक विविधतामा पर्ने सीता सामुदायिक वनका अध्यक्ष पुनाराम चौधरीले बताउनुभयो । डढेलोकाकारणवन्यजन्तुकोप्राकृतिक बासस्थान नष्ट हुनेमात्र नभई घिस्रेर हिँड्ने सरीसृप वर्गका जीवजन्तु ठूलो मात्रामा नष्ट हुने खतरा रहेको उहाँले उल्लेख गर्नुभयो ।रासस


**Balwa Municipality**

**Office of the Municipal Executive**

**Balwa, Mahottari**

**Re - Invitation for Sealed quotation**

**1st Date of publication: 2082-11-29 (March 13, 2026)**

Balwa Municipality Office of the Municipal executive Balwa, Mahottari invites electronic bids from eligible bidders for the Construction of the works given in the table below under Sealed quotation (SQ) Procedure.

**Details of Works**

| S. No. | Contract Identification No. | Description of Works | Estimated amount without Vat & contingency | Price of Bid Document | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Balwa.mun/W/ SQ/01/2082-83 (Re-bid) | Adhuro Wada karyalay bhawan Nirman | Nrs. 1,718,942.21 | Nrs.1000.00 | Nrs.43000.00 |

Eligible Bidders may obtain further information from Balwa Municipality, Balwa, Mahottari and PPMO web portal: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# करोडौं लगानीको ट्राफिक लाईट 'शो पिस' मा सीमित

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा जडान गरिएको ट्राफिक लाईटमा गरिएको करीब एक करोडको लगानी खेर गएको छ । करीब चार वर्षअघि मधेस प्रदेशका राजधानी जनकपुरधामको अस्तव्यस्त ट्राफिक व्यवस्थालाई व्यवस्थापन गर्न ९८ लाखभन्दा बढी रकम खर्चेर ट्राफिक लाईट जडान गराएको थियो ।

तर दुई महिना पनि सञ्चालन हुन नपाउँदै बिग्रेर तीन वर्षदेखि अहिले थन्किएको छ । प्रदेश सरकारले मधेस प्रदेश प्रहरी कार्यालयको समन्वयमा प्रदेश सरकारले राजधानी जनकपुरधामको भानु चोक, शिव चोक, जनक चोक, विद्यापति चोक, नेपाल पत्रकार महासंघ धनुषा अगाडिसहित विभिन्न स्थानमा जडान गरेको हो ।

सुरुवाती चरणमा सो लाइट बिहान ९ बजेदेखि साढे ११ र बेलुका साढे ४ देखि ७ बजेसम्म सञ्चालनमा ल्याइएको छ । अवस्था हेरी हेरी राति ८ बजेसम्म सञ्चालन गर्ने गरेको थियो । जेब्रा क्रसिङ्गका लागि समेत २० लाख रुपैया खर्चिएको थियो ।

आवश्यकता र औचित्यलाई ख्याल नगरी जडान गरिएको ट्राफिक लाइट जडान भएयता अहिले बिग्रेर थन्किंदा सम्बन्धित निकायले चासो नलिंनु लापरवाहीको पराकाष्ठा हो ।



प्रयोगविहिन अवस्थामा रहेका ती लाइट अहिले 'सो पिस' मा सिमित हुन गएको छ ।

लाईट जडानदेखि नै खैंलाची हुँदै आएको छ । लाईट जडान भएको डेढ महिना बढी समयसम्म संचालनका लागि कन्ट्रोल रुम व्यवस्थापन हुन नसकेको भनी संचालनमा आएनन् । संचालनमा आएपनि एक साता ट्रायल मात्र गरिएको भनी पुनः दुई महिनासम्म संचालनमा आएनन् ।

सञ्चालनमा आएपनि दुई/तीन महिनाभन्दा बढी समय चल्न सकेन । बिग्रिएको भनेर थन्काइएपछि आजसम्म थन्किएको नै छ । ट्राफिक कार्यालय धनुषाले संचालन तथा कन्ट्रोल गर्दै आएको सो ट्राफिक लाईट बारे अनभिज्ञ छन् ।

ट्राफिक कार्यालय धनुषाका प्रमुख सूर्यबहादुर शाहीले भने आफू आउनु अघिदेखि नै बन्द छ । बिग्रेर बन्द रहेको बुझिन आएको हो । कसले लगाएको हो भन्ने बारे भौतिक पूर्वाधार विकास मन्त्रालय जडान गरेको बुझिएको हो । मरम्मत सम्भारका लागि भनिसकेका छौं, तर चासो लिइएको छैन ।

उता भौतिक पूर्वाधार विकास मन्त्रालयका निमित सचिव पनि भौतिक पूर्वाधार विकास मन्त्रालयले नै लगाएको हो भन्ने अनभिज्ञ छन् । उनले भने चार वर्षअघिको कुरा हो । आफू आउनु अघि नै जडान हुन सक्ने हो । विस्तृत जानकारी आफूलाई थाहा बुझ्नेछु । स्थानीयहरु भन्छन – 'कुनै पनि प्राविधिक सामानको ग्यारेन्टी वारेन्टी हुन्छ । तर दुई/तीन महिनामै बिग्रिनु र त्यसमा चासो नलिनु भनेको भ्रष्टाचार भएको गन्ध देखिन्छ ।'

हाल लामो समयदेखि अस्तव्यस्त रहँदै आएको ट्राफिक व्यवस्थापनलाई सुधार गर्ने प्रयास सुरू गरिएको छ । बढ्दो सवारी चाप, अव्यवस्थित पार्किङ, साँघुरा सडक र कमजोर ट्राफिक अनुशासन कार्यान्वयनमा ल्याइने प्रयास गर्ने गरिएको देखिएको छ ।

ट्राफिक प्रहरी कार्यालयले प्रवेशद्वारमा ट्राफिक नियम, सचेतना सन्देश तथा आवश्यक सूचनाका लागि 'डिजिटल डिस्प्ले बोर्ड' मुख्य चोकहरूमा ४३ वटा सीसीटिभी क्यामेरा जडान गरिएको छ । ती क्यामेरामार्फत सवारी आवागमनको निगरानी, नियम उल्लंघन गर्ने सवारी साधन पहिचान तथा सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउने अपेक्षा गरिएको उनले बताए ।

# प्रतिनिधिसभा निर्वाचन : निरन्तर घट्दै सिमान्तकृतको प्रतिनिधित्व

ब्लग :




श्यामसुन्दर शशि

कांग्रेस, एमाले, माओवादी र मधेशवादी दलहरुलाई पाखा लगाउँदै राष्ट्रिय स्वतन्त्र पार्टीले दुई तिहाइ बहुमत प्राप्त गरेको खबर अचेल नेपाली समाजसँगै विश्वलाई पनि त गित बनाएको छ । मूलधारका दलहरु ऐतिहासिक हारको समीक्षा गर्दै गर्ला तर रास्वपाका नेताहरु भने मन्त्रिमण्डल गठनको तयारीमा जुटिसकेका छन् । को- को मन्त्री बन्ने भन्ने विषयमा गन्थनमन्थन गर्दै होलान् । तर नेपाली राजनीतिको इतिहासमा अनेकौं आन्दोलन, विद्रोह तथा परिवर्तन पछि पनि मुलुकको मूल प्रवाहमा आउन नसकेका दलित, आदिवासी जनजाति, मधेशी, महिलालगायतका जातजाति तथा वर्ग समुदायको लागि प्रत्यक्षतर्फको निर्वाचन 'न हर्षो न विष्मयाद्' बनेको छ । मुलुकको शासन सत्तामाथि एकछत्र पकड बनाएको खस आर्य समुदायको प्रतिनिधित्व निरन्तर बढ्दो छ । अर्को तर्फ महिला, दलित जनजाति, मधेशी आदि सिमान्तकृत समुदायको प्रतिनिधित्व निरन्तर घट्दो छ ।

जेन-जी विद्रोहको जगमा भएको निर्वाचन तथा निर्वाचनले दिएको नयाँ जनादेशले मुलुकका सिमान्तकृत समुदायलाई न्याय दिन नसकेको प्रत्यक्षतर्फ जितेका माननीयहरुको अनुहारले देखाउँछ । आर्य समुदायबाट यस पटक ९१ पुरुष र ८ महिला गरी कुल ९९ जना सांसद निर्वाचित भएका छन् । १६५ प्रत्यक्ष सांसदमा ९९ जना भनेको ६१ दशमलव २ प्रतिशत हो । जबकी खस आर्यको कुल जनसंख्या ३० देखि ३३ प्रतिशत मात्र हो । २०७४ को निर्वाचनमा खस आर्य क्लस्टरबाट सांसद हुनेको संख्या ५२ दशमलव १ प्रतिशत थियो । २०७९ को निर्वाचनमा बढेर ५८ दशमलव २ प्रतिशत भयो । २०८२ मा भने ६ दशमलव २ प्रतिशत पुगेको छ ।

खस आर्यकै हाराहारीमा जनसंख्या भएको आदिवासी जनजाति सांसदको संख्या निरन्तर घट्दो छ । २०८२ को निर्वाचनमा आदिवासी जनजाति क्लस्टरबाट २४ पुरुष र ३ महिला गरी कुल २७ जना आदिवासी जनजाति सांसद बनेका छन् । २०७४ को निर्वाचनमा आदिवासी जनजाति क्लस्टरबाट २१ दशमलव २ प्रतिशत, २०७९ को निर्वाचनमा २० दशमलव ६ प्रतिशत तथा २०८२ को निर्वाचनमा स्वात्तै घटेर १६ दशमलव ४ प्रतिशतमा झरेको छ ।

मुलुकको तेश्रो ठेलो जातीय क्लस्टर मधेशी हो । जसको जनसंख्या १८ प्रतिशतभन्दा माथि छ । मधेशी क्लस्टरबाट यस पटकको निर्वाचनमा २७पुरुष र २ महिला गरी कुल २९ जना मधेशी सांसद बनेका छन् । जो १५ दशमलव २ प्रतिशत हुन्छ । २०७४ को निर्वाचनमा मधेशी मुलका सांसदको संख्या १७ दशमलव ७ प्रतिशत थियो । २०७९ मा



१६ दशमलव ४ प्रतिशतमा झर्‍यो र २०८२ मा झन् १५ दशमलव २ प्रतिशतमा झरेको छ । यसैगरि थारु क्लस्टरबाट ४ पुरुष र १ महिला गरी कुल ५ जना, मुस्लिम क्लस्टरबाट ४ जना र मुलुकको कुल जनसंख्याको १३ प्रतिशतभन्दा बढी जनसंख्या भएको दलित क्लस्टरबाट १ जना मात्र दलित निर्वाचित भएका छन् । २०७९ को निर्वाचनमा एमालेका छविलाल विश्वकर्मा रुपन्देही १ बाट जितेका थिए भने २०८२ को निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका खगेन्द्र सुनार बाँके ३ बाट विजयी भएका छन् । दुर्भाग्य दुबै पहाडे मुलका दलित हुन् । प्रत्यक्षतर्फ मधेशी मुलका एउटै पनि दलित प्रतिनिधिसभा पुग्न सकेको छैन । २०६४ को संविधानसभामा समानुपातिकबाट समेत गरी ५० जना अर्थात् ८ दशमलव ३२ प्रतिशत दलितको प्रतिनिधित्व थियो । २०७० मा यो संख्या घटेर ४० अर्थात् ६ दशमलव ६५ प्रतिशत पुग्यो । २०७४ को प्रतिनिधिसभामा २० जना अर्थात् ७ दशमलव २७ प्रतिशतमा झर्‍यो । यस पटक दलित प्रतिनिधित्व ० दशमलव ६ प्रतिशत मात्र छ ।

२०८२ को निर्वाचनमा रास्वपा एक्लैले प्रत्यक्षतर्फ १२५ सिट जितेको छ । तर यसमा महिला सांसदको संख्या १३ जना मात्र छन् । यसैगरि प्रत्यक्षतर्फ १८ सिट जितेको नेपाली कांग्रेसबाट १ जना महिला सांसद निर्वाचित भएकी छन् । यस प्रकार १६५ प्रत्यक्ष सांसदमध्ये १४ जनामात्र महिला सांसद छन् । तर प्रत्यक्ष निर्वाचनमा ओझेलमा परेका महिला, मधेशी, आदिवासी जनजाति र दलित समुदायको प्रतिनिधित्वको ग्यारेन्टी समानुपातिक निर्वाचन प्रणालीले गरेको छ । चुकी संसदमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्ने प्रावधान रहेकोले रास्वपा सहितका थ्रेस होल्ड कटाउने ५ वटै दलले ३३ प्रतिशत महिलाको संख्या सुनिश्चित गर्नु पर्ने हुन्छ । निःसन्देह यो सकारात्मक हो । तर महिला जस्तै जनसंख्याको आधारमा दलितको प्रतिनिधित्वलाई पनि संविधानमै सुनिश्चित गरी दिएको भए कम्तीमा १३ प्रतिशत दलित सांसद हुन्थे होला । संविधान संशोधनको एउटा एजेण्डा मुलुकका सिमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नु पनि हुनु पर्दछ भने मेरो व्यक्तिगत राय छ ।

रास्वपाका वरिष्ठ नेता बालेन्द्र साहको नेतृत्वमा बन्ने आगामी सरकारको चुनौती भने समानुपातिक मन्त्रिमण्डल बनाउनु पनि हो । यसैगरि गौरी बहादुर कार्की नेतृत्वमा भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलन छानबिन गर्न बनेको छानबिन आयोगको प्रतिवेदन सार्वजनिक गर्नु तथा दोषीहरु माथि कानून अनुसारको कारबाही गर्नु पनि अब बन्ने सरकारको चुनौती हुने छ ।

# डेढ महिनामा पनि खुलेन मृतकको पहिचान

टुडे समाचारदाता

जनकपुरधाम । गएको माघ महिनामा गोली हानी हत्या गरिएको अवस्थामा धनुषाको औरही गाउँपालिका-१ पौडेसर स्थित सडकछेउ शव भेटिएकी महिलाको पहिचान अहिलेसम्म खुल्न सकेको छैन ।

प्रहरीले घटनाको अनुसन्धान जारी राखे पनि ती २५ वर्षिया मृतक को हुन, कसले हत्या गर्‍यो



भन्ने विषय अझै डेढ महिना बितिसक्दा पनि रहस्य नै रहेको छ ।

गत २३ माघको बिहान ती महिलाको शव फेला परेको थियो । प्रहरी टोलीले शवको प्रारम्भिक परीक्षण गर्दा युवतीको बायाँ कनपट्टीमाथि गोली लागेको र गोली टाउको छेड्दै दायाँ भागबाट निस्किएको देखिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी गणेश बमका अनुसार मृतक युवती करिब ५ फिट ४ इन्च उचाइकी, कालो वर्णकी थिइन् । घटनाका बेला उनले निलो सुरुवाल, सेतो स्वेटर र खुट्टामा चप्पल लगाएकी थिइन् ।

प्रहरीका अनुसार स्वेटरको एउटा खल्तीमा बच्चाले खेल्ने सानो खेलौना र अर्को खल्तीमा नेपाली दैनिक पत्रिकाको कागजमा बेरिएको सिन्दूर भेटिएको थियो । साथै खल्तीबाट पाँच सय रुपैयाँभन्दा केही बढी भारतीय मुद्रा पनि बरामद भएको थियो ।

घटनास्थलबाट करिब २० मिटर पर तीन मुठा रायोको सागसमेत फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार घटनास्थलको अवस्थाले गोली प्रहार हुनु अघि कसैसँग कुराकानी भइरहेको संकेत देखिएको छ । 'कुराकानीकै क्रममा बायाँतर्फबाट गोली प्रहार गरिएको हुन सक्ने देखिन्छ,' अनुसन्धानमा संलग्न एक प्रहरी अधिकारीले बताए ।

प्रहरीले मृतक युवती भारततर्फकी हुन सक्ने आशंका पनि गरेको छ । त्यसका लागि पहिचान खुलाउन ७७ वटै जिल्ला प्रहरी कार्यालयमा विवरण पठाइएको छ भने भारतीय प्रहरीसँग पनि समन्वय गरिएको छ । युवतीको तस्वीर र हुलियासहितको विवरण सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिए पनि अहिलेसम्म परिवारजन सम्पर्कमा आएका छैनन् ।

गम्भीर प्रकृतिको हत्या भएकाले शव व्यवस्थापन नगरिएको र हाल प्रादेशिक अस्पताल जनकपुरको शवगृहमा राखिएको प्रहरीले जनाएको छ । प्रहरीले घटनाको थप अनुसन्धान जारी रहेको जिप्रका धनुषाले जनाएको छ ।

# मानव सेवा आश्रमको अवलोकन



टुडे समाचारदाता

वीरगञ्ज । मानव सेवा आश्रम वीरगञ्ज शाखामा पर्सा जिल्लाका दुई जना प्रतिनिधिसभा सदस्यले भ्रमण गर्दै आश्रमका गतिविधि तथा सेवा कार्यको अवलोकन गरेका छन् ।

पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य र पर्सा क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्य ले आश्रम पुगेर त्यहाँ सञ्चालन भइरहेको मानव सेवासम्बन्धी कार्यक्रमबारे छलफल गरेका छन ।

आश्रममा पुगेका दुवै सांसदले त्यहाँ बस्दै आएका आमाबुवा तथा अभिभावकहरूसँग भेटघाट गर्दै उनीहरूको स्वास्थ्य अवस्था, दैनिक जीवनयापन र आश्रमले प्रदान गरिरहेको सेवा बारे चासो व्यक्त गरेका थिए । सांसदद्वयले आश्रमका व्यवस्थापक तथा स्वयंसेवकहरूसँग पनि संवाद गर्दै सेवा कार्य सञ्चालनमा देखिएका चुनौती र आवश्यकताबारे जानकारी लिएका थिए ।

आश्रम पुगेका पन्त र चौरासियाले आश्रममा आश्रित व्यक्तिहरूका लागि बिहानको भोजन सेवामा पनि योगदान दिएका थिए । मानव सेवा आश्रम वीरगञ्ज शाखाले दुवै सांसदलाई मानव सेवाप्रति देखाएको सद्भाव, सहयोग र साथको सम्मानस्वरूप खादा, माला तथा प्रशंसापत्र प्रदान गरी सम्मान गरेको थियो ।

# चैते दशैंमा गहवा माईको डोली यात्रा

टुडे समाचारदाता

बीरगञ्ज । चैते दशैंको पावन अवसरमा वीरगञ्जस्थित प्रसिद्ध बाट गहवा माईको डोली यात्रा तथा वृहत् रक्तदान कार्यक्रम आयोजना गरिने भएको छ ।

धार्मिक आस्था र सामाजिक सेवाको संयोजनका रूपमा आयोजना हुन लागेको उक्त कार्यक्रमलाई सम्पन्न गर्ने तयारी गरिएको माईस्थान सञ्चालक समितिले जनाएको छ ।

समितिका अनुसार चैत १२ गते बिहीबारका दिन गहवा माईको निशानसहित डोली यात्रा




निकालिनेछ । उक्त डोली यात्रा गहवा माई मन्दिर परिसरबाट सुरु भई शहरका विभिन्न धार्मिक स्थलहरूको परिक्रमा गर्दै पुनः सोही मन्दिरमा आएर समापन हुनेछ ।

डोली यात्रा क्रममा गहवा माई मन्दिरबाट सुरु भएर, बिर्तामन्दिर हुदै पुनः गहवा माई मन्दिरमै समापन गरिने आयोजकले जनाएको छ । डोली यात्रामा हजारौं भक्तजनहरूको सहभागिता रहने अपेक्षा गरिएको छ ।

सोही अवसरमा सामाजिक उत्तरदायित्वलाई मध्यनजर गर्दै माईस्थान मन्दिर परिसरमा वृहत् रक्तदान कार्यक्रम समेत आयोजना गरिनेछ । डोली यात्रामा निशान उठाउन चाहने इच्छुक भक्तजनहरूका लागि विशेष व्यवस्था गरिएको जनाइएको छ । डोली यात्राको व्यवस्थापन तथा समन्वयका लागि गहवामाई डोली यात्रा उपसमिति समेत गठन गरिएको बताइएको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८